# न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना
# २०७२/०७३

न्यायमा पहुँच आयोग

सर्वोच्च अदालत

२०७२

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

प्रधान न्यायाधीश

सर्वोच्च अदालत
काठमाडौं

## मन्तव्य

सक्षम र निष्पक्ष निकायबाट न्याय पाउनु सबैको मानव अधिकार हो। तर मानिसहरू सामाजिक, आर्थिक, शैक्षिक आदि आधारमा असमान अवस्थामा रहेको कटु यथार्थ हाम्रो सामु छ। न्यायका आकाङ्क्षीहरूको कमजोर क्षमताका कारण सीमान्तकृत व्यक्तिहरू आफ्ना अधिकारबारेमा नै अनविज्ञ रहनुको साथै धेरै मानिसहरू न्यायको खोजी गर्ने क्षमताबाट वञ्चित रहेको अवस्था हाम्रो समाजमा विद्यमान छ। अधिकार हनन् भएका मानिसहरूमध्ये अति न्यून व्यक्ति मात्र अदालतसमक्ष आएर न्यायको याचना गर्ने गरेका तथ्याङ्कहरू सार्वजनिक भएका छन्। समाजमा अन्याय भैरहने तर अन्यायबाट पीडितहरू न्यायको खोजी गर्नबाट बञ्चित भैरहनु लोकतान्त्रिक राज्यको मान्यता अनुरूप हुन सक्दैन। त्यसैले न्यायव्यवस्थालाई प्रभावकारी बनाउने हो भने न्याय प्रदायक संस्थाको क्षमता अभिबृद्धि गर्नुको साथै न्यायका आकाङ्क्षीहरुमा न्याय हासिल गर्ने क्षमताको विकास गर्नु पनि राज्यको जिम्मेवारी हुन आउँछ। आफू समक्ष विवाद आएपछि मात्र न्यायसेवा प्रदायकको काम सुरु हुन्छ भन्ने सम्झेर न्यायसम्मको पहुँचमा रहेका सेवाग्राहीका बाधाहरूप्रति जिम्मेवार न्यायप्रणाली निरपेक्ष रहन सक्दैन। यसैकारण न्यायपालिकाको मातहतमा न्यायमा पहुँच आयोगको गठन भएको छ।

यस आयोगमार्फत न्यायपालिकाले आफ्नो परम्परागत कार्यशैली भन्दा भिन्न रूपमा जनताप्रति वढी जिम्मेवार भै कार्य गर्ने प्रयास गरेको छ। न्यायपालिकाले न्यायको खोजी गर्ने मार्गमा रहेका न्यायका आकाङ्क्षीहरूका व्यवधानहरूलाई हटाउँदै, अन्यायमा परेकाहरूलाई जागरूक बनाउन र न्यायालयबाट अधिकतम सेवा उपलब्ध गराउन आफ्नो प्रतिबद्धता व्यक्त गरेको छ।

तोकिएको कार्यदिशका आधारमा आर्थिक वर्ष २०७२/७३ मा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरू पहिचान गरी आयोगले आफ्नो वार्षिक कार्ययोजना यस रूपमा प्रस्तुत गरेको छ। यस कार्ययोजनामा खासगरी न्यायका आकाङ्क्षी सेवाग्राहीहरूलाई न्यायको खोजी गर्न सक्षम बनाउने खालका सेवाग्राही केन्द्रित कार्यक्रमहरूका साथै न्यायसम्बन्धी सेवा प्रदान गर्ने सेवाप्रदायक संस्थाको कार्यक्षमता र गुणस्तर बढाउने खालका सेवा प्रदायक केन्द्रित कार्यक्रमहरू पनि समावेश छन्। खासगरी महिला,

विपन्न, असहाय र असक्त वर्गका व्यक्तिहरूलाई लक्षित समूहको रूपमा विशेष सशक्तीकरणका क्रियाकलापहरू समेत यसमा समावेश गरिएको छ। नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष तथा साक्षीका लागि अदालतमा अनुवादक सेवा उपलब्ध गराउनुका साथै कानूनी सहायताका विभिन्न गतिविधिहरू समन्वयात्मक र प्रभावकारी रूपमा सञ्चालन गर्ने प्रयास गरिएको छ। आयोगले निशुल्क (*pro bono*) कानूनी सेवा उपलब्ध गराउन चाहने कानून व्यवसायीहरूका लागि अवसरको विकास गर्ने प्रयास गर्नुका साथै सरकारी र गैर सरकारी क्षेत्रले न्यायमा पहुँच बारेमा गर्ने क्रियाकलापहरूलाई अदालतले दिने सेवासँग आबद्ध गरी समन्वयात्मक रूपमा सेवा प्रदान गर्ने प्रयास पनि गरेको छ।

कार्ययोजना तर्जुमा कार्यसमूहमा रही छोटो समयमै कार्ययोजनाको मस्यौदा तयार गर्ने आयोगका सदस्य श्री कुमार इङ्नाम, माननीय जिल्ला न्यायाधीशहरू श्री सूर्यप्रसाद पराजुली तथा श्री रमेशप्रसाद रिजाल एवं विज्ञको रूपमा परामर्श सेवा उपलब्ध गराउनु हुने श्री रामभक्त श्रेष्ठलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यो कार्ययोजना तर्जुमाका सन्दर्भमा सहयोग गर्नुहुने सर्वोच्च अदालतका रजिस्ट्रार श्री श्रीकान्त पौडेल, माननीय जिल्ला न्यायाधीशहरू श्री विदुर कोइराला र श्री नारायणप्रसाद सुवेदी लगायत सर्वोच्च अदालतका सहयोगी कर्मचारीहरू समेतलाई हार्दिक धन्यवाद छ। कार्ययोजनाका लागि सुझाव दिने सबै माननीय न्यायाधीशहरू, कार्मचारीहरु, कानून व्यवसायीहरू, सेवाग्राहीहरु लगायत कार्ययोजना तर्जुमाका लागि प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउने सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

यो कार्ययोजना बमोजिमको काम सम्पन्न गर्न माननीय न्यायाधीशहरू तथा न्यायपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरू, कानून व्यवसायीहरू लगायत न्यायपालिकासँग सम्बद्ध सबै सरोकारवालाहरूबाट सक्रिय एवं रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गर्दछु।

भदौ २९, २०७२

**प्रधान न्यायाधीश**

कल्याण श्रेष्ठ

# विषय सूची

**विषय** **पृष्ठ**

## परिच्छेद - एक


**परिचय**

| | | |
|---|---|---|
| १.१. | पृष्ठभूमि | १ |
| १.२. | वार्षिक कार्ययोजना तर्जुमा प्रक्रिया | १ |
| १.३. | वार्षिक कार्ययोजनाको ढाँचा | ३ |


## परिच्छेद - दुई


**न्यायमा पहुँचसम्बन्धी अवधारणा, वर्तमान अवस्था र अभ्यास**

| | | |
|---|---|---|
| २.१. | न्यायमा पहुँचसम्बन्धी अवधारणा | ४ |
| २.२. | न्यायमा पहुँचसम्बन्धी ऐतिहासिक मान्यता | ४ |
| २.३. | न्यायमा पहुँचसम्बन्धी कार्यको विकासका चरणहरू | ५ |
| २.४. | न्यायमा पहुँचसम्बन्धी अन्य मुलुकको अभ्यास | ५ |
| २.५. | नेपालमा न्यायमा पहुँचसम्बन्धी विद्यमान अवस्था | ६ |
| २.५.१ | संस्थागत अवस्था | ७ |
| २.५.२ | कानूनी व्यवस्था | ७ |
| २.५.३ | सर्वोच्च अदालतबाट भएका निर्णय तथा आदेशहरू | १० |
| २.६. | न्यायमा पहुँचसम्बन्धी बस्तुस्थिति विश्लेषण | १३ |
| २.६.१ | न्यायमा पहुँच सम्बन्धी पद्धतिका सबल पक्षहरू | १३ |
| २.६.२ | न्यायमा पहुँच सम्बन्धी पद्धतिका कमजोर पक्षहरू | १४ |
| २.६.३ | न्यायमा पहुँच सम्बन्धी पद्धतिका लागि उपलब्ध अवसरहरू | १४ |
| २.६.४ | न्यायमा पहुँच सम्बन्धी पद्धतिका चुनौतीहरू | १५ |


## परिच्छेद – तीन


**न्यायमा पहुँचसम्बन्धी अभिमत सर्वेक्षणको विश्लेषण**

| | | |
|---|---|---|
| ३.१ | रणनीतिक रूपमा परिचालन गर्ने विषय | १६ |
| ३.२ | कार्यसम्पादन गर्ने संयन्त्रसम्बन्धी विषय | १६ |
| ३.३ | कानूनी संरचनासम्बन्धी विषय | १७ |
| ३.४ | क्षमता तथा स्रोत साधनसम्बन्धी विषय | १७ |
| ३.५ | प्रक्रियागत विषय | १८ |
| ३.६ | मानवीय व्यवहारसम्बन्धी विषय | १९ |
| ३.७ | सामाजिक अवस्थासम्बन्धी विषय | १९ |
| ३.८ | विविध | २० |

## परिच्छेद –चार

**कार्ययोजनामा प्रस्तावित कार्यक्रमहरू**

४.१ सेवाग्राही ( Demand side ) मा केन्द्रित कार्यक्रमहरू २१

४.२ सेवाप्रदायक निकाय ( Supply side) मा केन्द्रित कार्यक्रमहरू २२

## परिच्छेद -पाँच

**न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना**

५.१ लक्ष्य १: न्यायमा पहुँच आयोगको संस्थागत सुदृढीकरण गर्ने २६

५.२ लक्ष्य २: महिला, विपन्न, असहाय र असक्षम (लक्षितवर्ग) का व्यक्तिहरूलाई प्राप्त हक अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने २८

५.३ लक्ष्य ३: न्यायमा पहुँच आयोगको रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्ने ३४

५.४ लक्ष्य ४: न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (Support system) को विकास गर्ने ३५

५.५ लक्ष्य ५: न्यायको पहुँचमा रहेका अवरोधक तत्त्वहरू पहिचान गर्ने ४३

५.६ लक्ष्य ६: महिला, विपन्न असहाय र असक्षम वर्गका व्यक्तिहरूको कानूनी आवश्यकताहरूको पहिचान गर्ने ४५

५.७ लक्ष्य ७: न्यायमा पहुँच अभिवृद्धिसम्बन्धी कार्यरत विभिन्न निकाय र संस्थाहरूसँग समन्वय गर्ने ४६

**सन्दर्भ सामग्रीहरू** ५०

**अनुसूचीहरू**

१ न्यायमा पहुँचसम्बन्धी मुख्य कानूनी व्यवस्थाहरू

२ न्यायमा पहुँच सम्बन्धमा सर्वोच्च अदालतबाट भएका निर्णय तथा आदेशहरू

३ कार्ययोजना तर्जुमासम्बन्धी परामर्श कार्यक्रमका सहभागीहरूको नामावली

# परिच्छेद- एक

# परिचय

## १.१. पृष्ठभूमि

नेपालमा अदालतबाट प्रदान हुने सेवा प्राप्त गर्ने क्षमता सबैमा समान छैन। जसको कारणबाट केही वर्गका मानिसहरू न्यायसम्मको पहुँचबाट टाढा रहेका छन्। यस्तो वर्गका मानिसहरूलाई विशेष प्राथमिकताका साथ न्यायसम्मको पहुँच उपलब्ध गराउनु राज्यको जिम्मेवारी हुन्छ। न्याय प्रदान गर्नका लागि राज्यबाट व्यवस्थित संरचनाको क्षमता, कार्यशैली आदिमा रहेको कमजोरी तथा कानूनी व्यवधान आदिको कारणबाट समेत सेवाग्राहीले पाउने न्यायको गुणस्तर अपेक्षा अनुसारको हुन सकेको छैन । त्यसकारण विवाद निरूपणका लागि पर्याप्त, सक्षम र प्रभावकारी निकायहरूको उपलब्धताका साथै सेवाग्राहीहरूलाई ती निकायहरूको सेवा उपयोग गर्न समान रूपमा सक्षम बनाउने जिम्मेवारीबाट न्यायपालिका अलग रहन सक्दैन।

पछिल्ला वर्षहरूमा नेपालमा न्याय प्रणालीमा सुधारको क्रम जारी छ। हाल न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा छ। सुधारका प्रयासहरूका बाबजुद पनि अझै धेरै महिला, विपन्न, असहाय, असक्षम, पछाडि पारिएका, सिमान्तकृत समुदाय एवं वर्गको न्यायमा पहुँच ज्यादै न्यून रहेको छ। यसै परिवेशमा सबैलाई सरल र सहज रूपमा न्यायमा पहुँचको अवसर उपलब्ध गराउने अभिप्रायले सम्माननीय प्रधान न्यायाधीशज्यूको अध्यक्षतामा न्यायमा पहुँच आयोगको गठन भएको छ।

## १.२. कार्ययोजना तर्जुमा प्रक्रिया

### १.२.१ कार्ययोजना तर्जुमा कार्यसमूहको गठन

न्यायमा पहुँच आयोगको गठन भई कार्यदिश समेत निश्चित भैसकेको सन्दर्भमा आर्थिक वर्ष २०७२/७३ मा आयोगले गर्ने कार्यक्रम तथा क्रियाकलापहरू पहिचान गरी यसको वार्षिक कार्ययोजना सहितको प्रतिवेदन आयोग समक्ष पेस गर्नका लागि निम्नबमोजिमको तीन सदस्यीय कार्यसमूहको गठन भएको थियो।

न्यायमा पहुँच आयोगका सदस्य श्री कुमार इङ्नाम - संयोजक

जिल्ला न्यायाधीश श्री सूर्यप्रसाद पराजुली - सदस्य

जिल्ला न्यायाधीश श्री रमेशप्रसाद रिजाल - सदस्य

यस कार्यसमूहको काममा माननीय जिल्ला न्यायाधीशहरू श्री विदुर कोइराला र श्री नारायण प्रसाद सुवेदीले महत्वपूर्ण योगदान दिनुभएको थियो भने विज्ञको रूपमा श्री रामभक्त श्रेष्ठले प्राविधिक परामर्श प्रदान गर्नुभएको थियो।

### १.२.२ कार्ययोजना तर्जुमा कार्यसमूहको कार्यदिश

उल्लेखित कार्यसमूहले निम्न कार्यदिश बमोजिम वार्षिक आयोगको वार्षिक कार्ययोजना सहितको प्रतिवेदन तयार गरी न्यायमा पहुँच आयोगसमक्ष प्रस्तुत गरेको थियो :

- न्यायमा पहुँचको सन्दर्भमा खास गरी महिला, विपन्न, असहाय, असक्षम वर्गको लागि हालसम्म भएका विभिन्न प्रयासहरूको अध्ययन तथा विश्लेषण गर्ने,
- न्यायमा पहुँचसम्बन्धी विभिन्न सरोकारवालाहरूसँग परामर्श गर्ने,
- न्यायमा पहुँच आयोगको लागि आर्थिक वर्ष २०७२/७३ को लागि उपयुक्त कार्यक्रम तथा क्रियाकलापहरूको पहिचान गर्ने,
- प्राथमिकताको आधारमा आर्थिक वर्ष २०७२/७३ मा गर्न सकिने कार्यक्रम तथा क्रियाकलापहरू कार्यान्वयनको लागि कार्ययोजना निर्माण गर्ने।

### १.२.३.कार्यसमूहले अध्ययनको लागि गरेका क्रियाकलापहरू

कार्यदिश बमोजिमका उद्देश्यहरू हासिल गर्न कार्ययोजना तर्जुमा कार्यसमूहले निम्न क्रियाकलापहरू गरेको थियोः

- न्यायपालिकाको विभिन्न पञ्चवर्षीय रणनीतिक योजनाहरूको अध्ययन,
- न्यायमा पहुँच विषयक विभिन्न मुलुकहरूमा रहेका व्यवस्था र अभ्यासहरूको अध्ययन,
- न्यायमा पहुँचसम्बन्धी प्रमुख कानूनी व्यवस्थाको अध्ययन,
- न्यायमा पहुँच सम्बन्धमा सर्वोच्च अदालतबाट भएका महत्वपूर्ण निर्णय र आदेशहरूको अध्ययन,
- सरोकारवालाहरूसँग छलफलका लागि आवश्यक पर्ने चेकलिस्ट तथा सूचनाहरू सङ्कलन गर्ने विभिन्न ढाँचाहरूको तयारी,
- न्यायपालिकासँग सम्बन्धित विभिन्न व्यक्तिहरू तथा सरोकारवालाहरूसँग परामर्श,
- न्यायमा पहुँचसम्बन्धमा भएका अनुसन्धानात्मक तथा सान्दर्भिक सामग्रीहरूको अध्ययन।

### १.२.४ तथ्याङ्क तथा सूचना सङ्कलन

कार्ययोजना तर्जुमा कार्यसमूहले निम्न तरिकाका अध्ययन विधि अपनाई तथ्याङ्क तथा सूचना सङ्कलन गरेको थियो।

***१.२.४.१. परामर्शः*** विभिन्न व्यक्ति तथा समूहसँग छलफल गर्ने क्रममा कार्यसमूहले विभिन्न अदालतका माननीय न्यायाधीश, कानून व्यवसायी, सेवाग्राही, अदालतमा कार्यरत कर्मचारी, सरकारी कार्यालय एवं आयोग लगायत गैरसरकारी संस्थाका प्रतिनिधि तथा पत्रकारहरूसँग परामर्श गरेको थियो।परामर्शबाट सङ्कलन गर्ने विषयहरू र ढाँचा तयार गरी त्यसैअनुसार अभिमत सङ्कलन भएको थियो।

***१.२.४.२. सम्बन्धित कानून र निर्णय तथा आदेशहरूको अध्ययनः*** कार्यसमूहले न्यायमा पहुँचसँग सम्बन्धित नेपालको कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट भएका निर्णय तथा

आदेशहरूको अध्ययन गरेको थियो। खास गरी सर्वोच्च अदालतबाट प्रकाशित नेपाल कानून पत्रिका र सर्वोच्च अदालतको वेवसाइटबाट यी सामग्रीहरू सङ्कलन गरिएका थिए।

***१.२.४.३ व्यक्तिगत भेटघाटः*** विभिन्न तहका अदालतका केही माननीय न्यायाधीशज्यूहरू, सरकारी वकीलहरू तथा नेपाल सरकारका उच्च अधिकारीहरूसँग व्यक्तिगत रूपमा भेटघाट गरी सम्बन्धित संस्थाबाट भैरहेका काम कारवाहीहरूका बारेमा जानकारीहरू सङ्कलन गरिएको थियो।

***१.२.४.४ वेवसाइटको उपयोगः*** अध्ययनको कार्यलाई अझ प्रभावकारी बनाउन विभिन्न मुलुकहरूका न्यायमा पहुँचसम्बन्धी व्यवस्था एवं अभ्यास बारे जानकारी लिन तथा नेपाल सरकारका नीति र कार्यक्रमहरू बारेको सूचना सङ्कलन गरी अध्ययन गर्न वेवसाइटको बढी उपयोग गरिएको थियो।

## १.३ वार्षिक कार्ययोजनाको ढाँचा

यस न्यायमा पहुँच आयोगको वार्षिक कार्यान्वयन योजनाका विविध विषयहरूलाई ५ परिच्छेदमा विभाजन गरिएको छ। परिच्छेद १ मा कार्ययोजना तर्जुमासम्बन्धी परिचयात्मक विवरण उल्लेख गरिएको छ। परिच्छेद २ मा न्यायमा पहुँचसम्बन्धी अवधारणा तथा नेपालमा यसको वर्तमान अवस्था र अभ्यासको बारेमा उल्लेख गरिएको छ। परिच्छेद ३ मा विभिन्न सरोकारवालाहरूसँग भएको परामर्शबाट संकलन भएका तथ्याङ्क तथा जानकारीहरूको विश्लेषण गरिएको छ। त्यसैगरी, परिच्छेद ४ मा आयोगले आर्थिक वर्ष २०७२/७३ मा गर्ने कार्यक्रम एवं क्रियाकलापको सान्दर्भिकता बारेमा उल्लेख गरिएको छ। परिच्छेद ५ मा आयोगको आर्थिक वर्ष २०७२/७३ को वार्षिक कार्ययोजना विस्तारमा प्रस्तुत गरिएको छ। यस कार्ययोजनामा जम्मा ३ वटा अनुसूचीहरू राखिएका छन्।

# परिच्छेद- दुई

## न्यायमा पहुँचसम्बन्धी अवधारणा, वर्तमान अवस्था र अभ्यास

### २.१. न्यायमा पहुँचसम्बन्धी अवधारणा

न्याय त्यहाँ रहन्छ, जहाँ हक, अधिकारहरू सुरक्षित हुन्छन् र न्यायिक उपचारका प्रकृयाहरू सरल, सर्वसुलभ, समयमा प्राप्य र प्रभावकारी हुन्छन् । प्रभावकारी उपचार भन्नाले छिटो छरितो र निष्पक्ष रूपमा उचित प्रकृयाको अवलम्बन गरी अदालतबाट अधिकारहरूको संरक्षण गर्ने कार्य भन्ने बुझिन्छ । त्यसैले, न्यायमा पहुँच भन्नाले स्वतन्त्र, निष्पक्ष र सक्षम न्याय प्रशासनको माध्यमबाट वैयक्तिक स्वतन्त्रता वा अधिकारको पुनस्थापना गर्ने सामर्थ्य र अवसरलाई बुझाउँछ।

न्यायप्रदायक निकायहरूबाट प्रदान हुने सेवा प्राप्त गर्ने क्षमता सबै व्यक्तिमा समान छैन। जसको कारणबाट केही वर्गका मानिसहरू न्यायसम्मको पहुँचबाट टाढा रहेका छन्। खासगरी महिला, विपन्न, असहाय तथा असक्षम लगायत फरक तरिकाले सक्षम व्यक्तिहरू न्यायको पहुँचबाट झन् टाढा रहने जोखिमको अवस्थामा रहेकाले यी वर्गका समस्याहरूलाई विशेष रूपमा सम्बोधन गर्नु राज्यको जिम्मेवारी हुन्छ।

Lord Neuberger को विचारमा न्यायमा पहुँच उपलब्ध हुनका लागि निम्न तत्वहरूको भूमिका महत्वपूर्ण हुन्छ:[1]

- सक्षम र निष्पक्ष न्यायपालिका
- (भौगोलिक रूपमा) सर्वसुलभ अदालत
- उचित न्याय प्रशासन
- दक्ष र इमानदार कानून व्यवसाय
- न्यायिक प्रक्रियासम्बन्धी प्रभावकारी कार्यविधि
- प्रभावकारी कानुनी प्रक्रिया (Legal process)
- प्रभावकारी कार्यान्वयन र
- धान्न सक्ने दस्तुर (Affordable justice)

### २.२. न्यायमा पहुँचसम्बन्धी ऐतिहासिक मान्यता

"निन्दा गरोस् वा प्रशंसा, लक्ष्मी आउन वा जाउन, आजै मर्नु परोस् वा कालान्तरमा, यी कुनै कुराको कत्तिपनि चिन्ता नराखी न्यायकर्ताहरू न्यायको बाटोमा हिँडिरहन्छन्, कत्तिपनि विचलित हुँदैनन्" भन्ने भर्तृहरिको वचन तथा "प्रलय भएपनि न्याय दिइनेछ" भन्ने ल्याटिन उक्तिबाट प्राचिन कालमा रहेको न्यायप्रतिको दृष्टिकोण र मान्यता स्पष्ट हुन्छ । एक्काइसौं शताब्दीमा हेर्दा मानिसको आर्थिक सामर्थ्यका आधारमा मुद्दा पुर्पक्ष भएसम्म न्याय असमान हुन्छ

[1] Lord Neuberger, President of Supreme Court of UK, "Speech to Tom Sargant Memorial Lecture 2013 "Justice in an Age of Austerity (15th Oct 2013)

भनी सन् १९५६ मा Hugo Black ले *Griffin v. Illinois* को मुद्दामा [2] गरेको व्याख्याबाट पनि न्यायसम्मको पहुँचमा आर्थिक अवस्थाको महत्व अनुमान लगाउन सकिन्छ। पछिल्ला अध्ययनहरूबाट न्यायिक उपचारका विषयमा जानकारीको अभाव र खर्च व्यवस्थापन गर्ने क्षमताको कमी, झन्झटिलो कार्यबिधि, अस्पष्ट कानूनी व्यवस्था, सेवाग्राहीमैत्री वातावरणको अभाव जस्ता तत्वहरू न्यायमा पहुँचका बाधकका रूपमा देखिएका छन् ।

## २.३. न्यायमा पहुँचसम्बन्धी कार्यको विकासका चरणहरू

**प्रथम चरण (१९७० को दशक):** खासगरी दोस्रो विश्वयुद्धपछि आर्थिक रूपले असक्षम व्यक्तिहरूलाई अदालतमा प्रतिनिधित्व गराउन "कानूनी सहायता" उपलब्ध गराउने चरणको रूपमा यसको शुरुआत भएको थियो। खासगरी अमेरिकाले सन् १९७० को आर्थिक मन्दिपछि "निर्धनका लागि कानूनी सहायता" कार्यक्रम लागू गरेको देखिन्छ । यो चरणमा राज्यले कानूनी सहायताका लागि थुप्रै लगानी बृद्धि गरेको थियो।

**दोश्रो चरण (१९८० को दशक):** "व्यक्ति" लाई दिइआएका कानूनी सहायता सोही अवस्थाका समूह, वर्गको सामुहिक हक अधिकार प्राप्तिका लागि विस्तार भै Public Interest Litigation को रूपसम्म विस्तार भएको यो चरणमा कानुनी सहायता दिने कानून व्यवसायीको सम्बन्धमा मुद्दामा व्याख्या भएपछि न्यायमा पहुँचसम्बन्धी धारणामा थप स्पष्टता आएको पाइन्छ।

**तेश्रो चरण (१९९० को दशक):** न्याय प्राप्ति र विवाद निरोपण गर्नका लागि अदालतको विकल्पहरू खोज्न, त्यसलाई मान्यता प्रदान गर्न र अदालतकै सुधार गर्न तथा अदालतले दिने सेवाप्रतिको दृष्टिकोण परिवर्तन गरी सेवाग्राहीलाई सवल बनाउन यस चरणमा Community Mediation, Court-based Mediation, Victim-offender Reconciliation को विकास भएको छ। यस चरणमा आईपुग्दा UNDP ले सन् २००५ मा Commission on the Legal Empowerment of the Poor[3] स्थापना गरी कानूनी सहायतालाई ब्यापक बनाएको पाइन्छ।

## २.४. न्यायमा पहुँचसम्बन्धी अन्य मुलुकको अभ्यास

अमेरिकाको अभ्यासमा पछिल्लो समयमा *pro bono* कानूनी सेवालाई धेरै राज्यका बार इकाइहरूले अनिवार्य बनाएका छन्। न्यूयोर्क बारले सबै कानून व्यवसायीले यस्तो सेवा न्यूनतम २० घण्टा[4] अनिवार्य रूपमा गर्नुपर्ने नियम बनाएको छ। केही राज्यमा यो अवधि ५० घण्टासम्म रहेको छ। खासगरी सन् १९९० को दशकपछि अमेरिकामा क्रमशः देवानी मुद्दामा समेत कानूनी सहायता सेवालाई विस्तार गर्दै लगिएको छ। यो समस्या यति जटिल छ कि अमेरिकामा नै गरिब अमेरिकनहरू मध्ये ४/५ र मध्यमवर्गका अमेरिकन मध्ये ३/५ लाई कानुनी सहायता अनिवार्य हुन्छ।[5] हाल अमेरिकाका अधिकांश राज्यमा न्यायमा पहुँच आयोग गठन भै कार्य गरिरहेको पाइन्छ।

---

[2] *Griffin v. Illinois*, 351 US, 12, 19 (1996)

[3] The Commission comprises members from Denmark, Finland, Iceland, Norway, Sweden, Canada, Egypt, Guatemala, Tanzania, and the United Kingdom

[4] Probob The *Responsibility of Lawyers to Undertake Pro bono publico and Interest Work*, Paper for Pro bono Conference 10-11 may, at 10

[5] See, Deborah Rhode, *Equal Justice under the Law: Connecting Practice to Principle*, in 2 Wash. U. J. L. & Policy, at 47 (2003); Legal Servs. corps., *Documenting the Justice Gap in America: the Current Unmet Civil Legal Needs of Low Income Americans*

अधिकांश युरोपियन देशहरूमा आर्थिक नीतिहरूमा सुधार गरी राजनीतिक दल, धार्मिक संगठन, मजदुर संगठनहरू समेत सामाजिक संस्थाहरूले निशुल्क कानूनी सहायता सेवाका लागि कार्य गरिरहेका छन्। बर्तमान अवस्थामा अमेरिकाका अधिकांश राज्यहरू लगायत बेलायत, पाकिस्तान, अस्ट्रेलिया समेतका मुलुकमा न्यायमा पहुँच आयोग नै गठन भएका छन्।

## २.५. नेपालमा न्यायमा पहुँचसम्बन्धी विद्यमान अवस्था

नेपालका केही समय अगाडि नेपाल कानून समाजले गरेको एक सर्भेक्षण अनुसार न्यायको पहुँच आवश्यक भएका व्यक्तिहरू मध्ये केवल १५ प्रतिशतलाई यो सुविधा उपलब्ध भएको पाइएको छ। अन्य केही अध्ययनहरूले नेपालमा ५९% मात्र बाल अपराधको सुनवाई बन्द इजलासमा हुने गरेको तथा [6] अभिभावक वा संरक्षकको उपस्थिति विना पनि बालबालिकालाई पक्राउ गर्ने गरिएको पाइएको थियो।[7] बालबिज्याँइ गर्ने बालबालिकाहरूमध्ये ४३% जनजाति रहेको देखिएको छ।[8] नेपालको केही कानूनी व्यवस्था र सर्वोच्च अदालतका आदेशहरू न्यायमा पहुँचको अवधारणा अनुसार विकसित हुँदै गएको पाइएको छ। तर अझै धेरै मानिसहरू विभिन्न कारणले न्यायको पहुँचबाट बञ्चित रहेको अवस्था कायमै छ। त्यसैले, मिति २०७२।४।१० मा सर्वोच्च अदालत नियमावली बमोजिम सम्माननीय प्रधान न्यायाधीशज्यूबाट न्यायमा पहुँच आयोग गठन भएको छ। यस आयोगको गठन र कार्यदिश यस प्रकार रहेको छः

| | |
|---|---|
| सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ | अध्यक्ष |
| माननीय न्यायाधीश श्री सुशीला कार्की | सदस्य |
| नेपाल राज्यका महान्यायाधिवक्ता | सदस्य |
| सचिव, कानून, न्याय, संविधान सभा तथा संसदीय व्यवस्था मन्त्रालय | सदस्य |
| अध्यक्ष, नेपाल बार एशोसिएसन | सदस्य |
| प्रा.डा. श्री विद्याकिशोर राय 'विमल' | सदस्य |
| सह-प्राध्यापक श्री कुमार इङ्नाम | सदस्य |
| श्री दुर्गा सोव | सदस्य |
| रजिस्ट्रार श्री श्रीकान्त पौडेल, सर्वोच्च अदालत | सदस्य-सचिव |

उल्लेखित आयोगलाई गठन हुँदा देहाय बमोजिमको कार्यदिश दिइएको छः

क) महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूलाई समाजको समान सदस्यको रूपमा तिनीहरूलाई प्राप्त हक अधिकार बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने

(2009)
[6] KSL/CelRRd, Baseline Survey on Juvenile Justice System in Nepal at 86 (2010)
[7] IBID at 70.
[8] IBID at 55.

ख) कानूनी हक अधिकारहरूको उपभोग गर्ने र न्यायिक उपचार संयन्त्रहरूको प्रयोग गर्ने क्षमता अभिबृद्धिका लागि रणनीतिगत योजना तय गरी कार्यान्वयन गर्ने।

ग) न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (support system) को विकास गर्ने।

घ) न्यायको पहुँचमा  रहेका अवरोधक तत्वहरू पहिचान गरी सोको न्यूनीकरणका लागि आवश्यक उपायहरू अवलम्बन गर्ने गराउने।

ङ) महिला, विपन्न असहाय र असक्षम वर्गका व्यक्तिहरूको कानूनी आवश्यकताहरूको पहिचान गरी न्यायमा पहुँच अभिबृद्धिका लागि चाल्नुपर्ने नीतिगत परिवर्तनका सम्बन्धमा सुझाव दिने।

च) न्यायमा पहुँच अभिबृद्धि गर्ने सिलसिलामा कार्यरत विभिन्न संघ संस्थाहरूसँग समन्वय गर्ने।

## २.५.१ संस्थागत अवस्था

हाल नेपालमा एउटा सर्वोच्च अदालत, १६ वटा पुनरावेदन अदालत र ७५ वटा जिल्ला अदालतहरूबाट न्याय सम्पादनसम्बन्धी कार्य भई आएको छ। यी अदालतहरूका अतिरिक्त विशेष अदालत, श्रम अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्याधिकरण, ऋण असुली न्यायाधिकरण तथा ४ वटा राजश्व न्यायाधिकरणहरू पनि न्याय सम्पादनको कार्यमा प्रत्यक्षतः संलग्न रहिआएका छन्। त्यसका अतिरिक्त अर्धन्यायिक अधिकार प्रयोग गर्ने निकायहरू मुख्यत: मालपोत कार्यालय, भूमिसुधार कार्यालय, वन कार्यालय तथा जिल्ला प्रशासन कार्यालयसमेतबाट न्याय सम्पादनको कार्य सम्पन्न हुँदै आएको छ।

## २.५.२ कानूनी व्यवस्था

न्यायमा सहज र सरल पहुँच कायम गर्नु कानूनको शासनको महत्वपूर्ण शर्त हो। नेपालको अन्तरिम संविधान, २०६३ ले खासगरी धारा १३ मा समानताको हक, धारा १४ मा छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, धारा २० मा महिलाको हक, धारा २१ मा सामाजिक न्यायको हक, धारा २२ मा बालबालिकाको हक, धारा २४ मा न्यायसम्बन्धी हक, धारा ३२ मा संवैधानिक उपचारको हक जस्ता महत्वपूर्ण हकहरूको व्यवस्था गरेको छ। त्यस्तै, बालक, वृद्ध, महिला, अपाङ्ग, अशक्त जस्ता व्यक्तिहरूका अधिकार संरक्षणका लागि विशेष व्यवस्था गरेर उनीहरूको न्यायमा पहुँचलाई सुनिश्चित गर्न खोजेको देखिन्छ। साथै, न्यायमा सहज पहुँच स्थापित गर्नको लागि प्रचलित अन्य कतिपय ऐन, कानूनमा समेत विभिन्न व्यवस्थाहरू रहेका छन्। यी कानूनी व्यवस्थाहरूले खासगरी पीडित व्यक्तिलाई उजूरी गर्नमा सहज बनाउने, उजूरी गर्ने निकायहरूको चयनलाई लचिलो बनाउने, पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने, प्रतिवादीको खोजी गर्ने तथा म्याद तामेल गर्ने लगायत मुद्दाको कारवाही प्रक्रियालाई छिटो छरितो बनाउने, दोभाषेको सेवा उपलब्ध गराउने, आवश्यक परेमा सुरक्षा दिने र मुद्दाको कारवाहीमा गोपनीयता अपनाउने, खास वर्गका व्यक्तिलाई मुद्दाको कारवाहीमा प्राथमिकता दिने जस्ता व्यवस्था गरी न्यायमा पहुँच कायम गर्न प्रयास गरेको देखिन्छ। ती

मुख्यमुख्य कानूनी व्यवस्थाहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ। यी कानूनका व्यवस्थाबारे अनुसूची -१ मा उल्लेख गरिएको छ।

(१) **कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८:** यस ऐनले कमैया श्रमको सम्बन्धमा पीडित वा जोसुकैले लिखित उजुरी वा मौखिक सूचना गर्न सक्ने, पुर्पक्षको लागि तारेखमा बस्नु नपर्ने, विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनु पर्ने जस्ता व्यवस्था गरेको छ।

(२) **कानूनी सहायतासम्बन्धी ऐन, २०५४:** असहाय व्यक्तिलाई राज्यको तर्फबाट कानूनी सहायता दिने उद्देश्यले बनेको यस ऐनमा तोकिएको भन्दा कम वार्षिक आय भएका व्यक्तिले कानूनी सहायता प्राप्त गर्ने, कागजातहरूको नक्कल लिँदा कुनै दस्तुर नलाग्ने जस्ता प्रावधान रहेका छन्।

(३) **घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६:** घरेलु हिंसाबाट पीडित महिलाको न्यायका लागि बनेको यस ऐनमा जोसुकै व्यक्तिले प्रहरी कार्यालय वा स्थानीय निकाय वा महिला आयोगमा लिखित वा मौखिक उजुरी दिन सक्ने, प्रहरीमा उजुरी दर्ता भएपछि २४ घण्टाभित्र पीडकलाई झिकाई बयान गराउनु पर्ने, पीडितलाई शारीरिक वा मानसिक यातना पुगेको देखिएमा उपचारका लागि नजिकको अस्पतालमा लगी घाजाँच परीक्षण गराउनु पर्ने, अदालतले पीडितका लागि संरक्षणात्मक आदेश जारी गर्न सक्ने, संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाई बन्द इजलासमा निरन्तर सुनुवाई गरी कारवाही गरिने लगायत अदालतले पीडकबाट पीडितलाई उपयुक्त क्षतिपूर्ति उपलब्ध गराउन सक्ने जस्ता व्यवस्था गरको देखिन्छ।

(४) **नेपाल कोर्ट फि ऐन, २०१७:** यस ऐनमा कोर्ट फि तिर्न असमर्थ व्यक्तिको पनि खास खास अवस्थामा कोर्ट फि नलिई मुद्दा हेर्न सकिने प्रावधान रहेको छ।

(५) **प्रहरी ऐन, २०१२:** यस ऐनमा वारेण्ट जारी भई आएकोमा तुरून्त वारेण्ट तामेल गराउनु पर्ने, अपराधी पत्ता लगाई तुरून्त पक्राउ गर्नुपर्ने जस्ता व्यवस्था रहेका छन्।।

(६) **बालबालिकासम्बन्धी ऐन, २०४८:** १० वर्ष मुनिको कुनै बालबालिकाले कानून बमोजिम अपराध ठहरिने कुनै काम गरेमा निजलाई सजाय नगरिने, कानून व्यवसायीको प्रतिरक्षाविना बालबालिकालाई लगाइएको फौजदारी मुद्दामा अदालतले कारवाही किनारा गर्न नहुने, अदालतले नै वैतनिक वकिलको सेवा उपलब्ध गराउनु पर्ने, बालबालिकाको हक पुग्ने जुनसुकै कुरामा पनि नालिस, उजुर वा प्रतिरक्षा गर्न बाबु, आमा वा संरक्षक नभएमा जोसुकैले गर्नसक्ने, बालबालिका संलग्न भएको मुद्दाको कारवाही गर्दा बन्द इजलासबाट गर्नुपर्ने र सोका लागि छुट्टै वाल इजलासको गठन हुने, मुद्दामा कारवाही गर्दा अन्य मुद्दालाई भन्दा प्राथमिकता दिनुपर्ने गरी बालबालिकाको लागि प्राथमिकतायुक्त व्यवस्था यस ऐनमा रहेका छन्।

(७) **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४:** मानव बेचबिखनसम्बन्धी अपराधका वारेमा पीडित आफैं वा अन्य जुनसुकै व्यक्तिले प्रहरीमा उजुरी दिनसक्ने, पीडितले अनुवादक वा दोभाषे राख्न सक्ने, कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत रकम बराबरको रकममा नघट्ने गरी पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्ने, पीडित वा उजुरकर्ताले सुरक्षाको माग गरेमा अदालतमा जाँदा आउँदा वा कुनै निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने, मुद्दाको कारवाही गर्दा बन्द इजलासमा गर्नुपर्ने, पीडितको नाम प्रचार प्रसार गर्न नहुने जस्ता व्यवस्थाहरू यस ऐनमा रहेका छन्।

(८) **मुलुकी ऐन, २०२०:** यस ऐनले कैदमा परेको, वेवारिस नाबालक, बृद्धबृद्धा, अशक्त, स्वास्नी मानिस वादी भएको वा नाता कायम गराई पाऊँ भन्ने, विधवा महिला वादी/पुनरावेदक भएको मुद्दाहरूलाई प्राथमिकता दिई किनारा गर्नुपर्ने, फैसला गर्दा तोकिएको समयभित्र गर्नु पर्ने र सो समयमा गर्न नसकेमा पुनरावेदन सुन्ने निकायबाट निकासा लिई छिटो कारवाही गरी फैसला गर्नु पर्ने, महिलालाई मुद्दाको सिलसिलामा अदालतमा आउँदा ठट्टा मस्करी गरी सोधपुछ गर्न नहुने, थुनामा परेको व्यक्तिले आफू थुनिएको अड्डा मार्फत नै मुद्दासँग सम्बन्धित कागजको नक्कल लिन पाउने, तोकिएको समयमा प्रतिवादीको नामको म्याद तामेल गरिसक्नु पर्ने, महिलालाई पक्राउ गर्दा वा खानतलासी गर्दा सकेसम्म महिला प्रहरीले गर्ने जस्ता व्यवस्थाहरू यस ऐनमा रहेका छन्।

(९) **यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३:** यस ऐनमा हिरासतमा रहेको व्यक्तिलाई यातना दिएको ठहरेमा पीडित व्यक्तिलाई क्षतिपूर्ति दिनुपर्ने, थुनामा रहेको व्यक्तिलाई यातना दिएको कुरामा पीडित आफैंले उजुरी दिन नसक्ने भएमा वा निजको मृत्यु भएमा कारण खोली निजको परिवारको सदस्य वा निजको कानून व्यवसायीले पनि उजुरी दिन सक्ने, पीडितको उपचार गर्नुपर्ने देखिएमा नेपाल सरकारले उपचार गराउनु पर्ने, संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिम छिटोछरितो कारवाही र किनारा गर्नुपर्ने व्यवस्थाहरू रहेका छन्।

(१०) **विशेष अदालत ऐन, २०५९:** प्रतिवादीका नाममा बाटाका म्यादबाहेक १५ दिन (विदेशमा रहेकाको हकमा ३० दिन) को म्याद जारी गरी तामेल गराइने, साक्षीका नाममा म्याद जारी गर्दा बाटाका म्यादबाहेक ७ दिनको म्याद पठाउनु पर्ने, म्याद तामेल गर्दा प्राथमिकता दिनुपर्ने, म्याद तारेख थाम्दा एक पटकसम्म बढीमा १५ दिनको थाम्न पाइने, मुद्दा दायर भएको मितिले सामान्यतया ६ महिनाभित्र मुद्दा किनारा गर्नुपर्ने, पुनरावेदन परेमा मिसिल प्राप्त भएको मितिले ३ महिनाभित्र किनारा गर्नुपर्ने जस्ता मुद्दाको कारवाही छिटो सम्पन्न गर्नुपर्ने व्यवस्था यस ऐनमा रहेका छन्।

(११) **वैदेशिक रोजगार ऐन, २०६४:** वैदेशिक रोजगारसँग सम्बन्धित विवादको अनुसन्धान गरी दायर हुने मुद्दामा नेपाल सरकार वादी भई कारवाही गरिने, यस्ता मुद्दाको कारवाही संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिम छिटोछरितो गरिने, छुट्टै

न्यायाधिकरणबाट यस्ता मुद्दाहरूको कारवाही किनारा हुने लगायतका व्यवस्था यस ऐनमा गरिएको छ।

(१२) **श्रम ऐन, २०४८:** पीडित वा सरोकारवाला व्यक्ति वा सम्बन्धित ट्रेड युनियनको उजुरीबाट मुद्दा दायर हुन सक्ने, श्रमसम्बन्धी विवाद हेर्न छुट्टै श्रम अदालतको स्थापना हुने जस्ता व्यवस्था यस ऐनमा रहेका छन्।

(१३) **संक्षिप्त कार्यविधि ऐन, २०२८:** सरल प्रकृतिका मुद्दालाई छिटो छरितो फछर्यौट गर्ने उद्देश्यबाट ल्याइएको यस ऐनले उजुरी निवेदनको आधारमा पनि सम्बन्धित व्यक्तिको बयान लिई कारवाही किनारा गर्ने, प्रतिवादी अदालतमा उपस्थित भए तुरुन्त निजको बयान लिई अरू कारवाही गर्ने, प्रतिवादीलाई ३ दिनभित्र ७ दिनको म्याद जारी गर्नुपर्ने, समाव्हान वा इतलायनामा २ दिनभित्र तामेल गराउनु पर्ने, म्याद वा तारिख गुज्रेमा एकै पटक वा बढीमा दुई पटकमा १५ दिन मात्र थाम्न पाउने, प्रतिउत्तर परेको वा सोको अवधि पुगेको मितिले ९० दिनभित्र मुद्दा किनारा लगाउनु पर्ने, प्रमाण बुझिसकेपछि वादी र प्रतिवादीले अदालतको अनुमति लिई तारिखमा नबसे पनि हुने, पुनरावेदन परेमा सुरू मिसिल प्राप्त भएको मितिले ९० दिनभित्र किनारा गर्नुपर्ने लगायतका व्यवस्था यस ऐनमा रहेका छन्।

## २.५.३ सर्वोच्च अदालतबाट भएका निर्णय तथा आदेशहरू

न्यायमा सहज पहुँचको विषय नेपालको न्यायपालिकाको लागि सदैव गम्भीर चासो र सरोकारको विषय रहिआएको छ। सर्वोच्च अदालत लगायत अन्य अदालतहरूबाट भएका न्यायिक निर्णय र आदेशहरूमा समेत यस विषयलाई विभिन्न कोणबाट सम्बोधन गर्ने प्रयासहरू भएका छन्। खासगरी लैङ्गिक रूपमा पछि पारिएका महिलाहरूको सशक्तिकरणको लागि सम्पत्तिमा समान अवसर लगायत प्रजनन् अधिकार, पहिचान, शिक्षा र रोजगारीमा समान सहभागिताका विषयहरूमा सर्वोच्च अदालतबाट महत्वपूर्ण आदेशहरू भएका छन्। यसैगरी अपराध तथा यौनजन्य हिंसाको शिकार भएका महिला तथा बालबालिकाको न्यायमा सहज पहुँचको लागि न्यायिक काम कारवाहीमा शिघ्रता, व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता, पीडित वा साक्षीको संरक्षण, महिला भएकै कारण सजायमा गरिएको विभेदको अन्त्य लगायतका विषयहरू समेत न्यायिक निर्णयहरूबाट सम्बोधन गरिएका छन्।यसका साथै द्वन्द्व पीडित नागरिकहरूको न्यायमा सहज पहुँचको लागि निजहरूको अपहरित सम्पत्तिमा फिर्ता, क्षतिपूर्ति लगायत द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटनाका दोषीहरूलाई न्यायको दायरामा ल्याउनुपर्ने र आममाफी दिन नहुने लगायतका विषयहरूमा समेत सर्वोच्च अदालतबाट नेपाल सरकारका नाममा न्यायिक आदेश वा निर्देशनहरू जारी गरिएका छन्। यसका अतिरिक्त वातावरणीय न्याय, सामाजिक न्याय, वैयक्तिक स्वतन्त्रता, जातीय र सामाजिक भेदभाव, कुरीति, बालन्याय, जेष्ठ नागरिकहरूको संरक्षण, फरक तरिकाबाट सक्षम व्यक्तिहरूको अधिकार, राज्यका विभिन्न निकायहरूमा समावेशीता र मानव अधिकार लगायत न्यायमा सहज पहुँच सुनिश्चित गर्ने दिशामा सर्वोच्च अदालतबाट भएका आदेशहरूले यस विषयको विधिशास्त्रीय विकासमा टेवा पुगेको देखिन्छ ।

सर्वोच्च अदालतबाट न्यायमा सहज पहुँचको निमित्त भएका केही महत्वपूर्ण आदेश र निर्णयहरूलाई संक्षेपमा देहायबमोजिम प्रस्तुत गरिएको छ। यी आदेश र निर्णयहरूको छोटकरी बुँदा सहितको विवरण अनुसूची - २ मा उल्लेख गरिएको छ।

(१) **लैङ्गिक विभेदसम्बन्धीः** सर्वोच्च अदालतले विभिन्न रिट निवेदनमा लैङ्गिक विभेदसम्बन्धी कानूनी व्यवस्थाहरू अपर्याप्त भएकोले आवश्यक कानून निर्माणसम्बन्धी कारवाही गर्न सरकारलाई निर्देशात्मक आदेश दिएको छ। जस्तैः छोरीलाई पैतृक सम्पत्तिमा हक दिलाउने, वैवाहिक बलात्कारलाई अपराध घोषणा गर्ने, महिलालाई न्यूनतम प्रसुति विदा दिनुपर्ने, यौनजन्य व्यवहारसम्बन्धी सबै पक्षलाई समेटी कानून बनाउने, गर्भपतनको अपराधमा महिला र पुरूषलाई समान सजाय गर्ने, घरेलु हिंसाको परिभाषालाई व्यापक बनाउने, जवर्जस्ती करणीसम्बन्धी हदम्याद सुधार गर्ने जस्ता विषयमा यस्ता आदेशहरू भएका छन्। त्यसैगरी डान्स रेष्टुरेन्ट, क्याविन रेष्टुरेन्ट, डान्स बार र मसाज पार्लरमा काम गर्ने महिला कर्मचारीमाथि हुनसक्ने यौनजन्य हिंसासम्बन्धी तथा प्रजनन स्वास्थ्यसम्बन्धी, फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले विना भेदभाव अधिकारको उपभोग गर्न पाउने आदि विषयमा उपयुक्त कानून बनाउने बारेमा निर्देशात्मक आदेशहरू भएका छन्।त्यस्तै, थुना वा कैदमा रहेका महिलाहरूको गर्भावस्था र स्तनपान गर्ने बच्चाहरूको स्वास्थ्य, पोषण र संरक्षणसम्बन्धी नीति तथा कार्यक्रम बनाई लागू गर्न तथा महिलाहरूको विकास र सशक्तिकरणलाई प्रभावकारी बनाउन योजना, कार्यक्रम र बजेट तर्जुमा गरी लागु गर्न निर्देशनात्मक आदेश जारी भएको देखिन्छ। त्यसैगरी, अपराधबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति दिने जिम्मेवारी राज्यको भएकोले प्रतिवादीको सम्पत्ति नभएमा त्यस्तो क्षतिपूर्ति राज्यले भराइदिनु पर्ने निर्णय पनि भएको छ।

(२) **बालअधिकारसम्बन्धीः** सर्वोच्च अदालतबाट विभिन्न मुद्दाहरूमा बालबालिकामाथि हुने क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय वा दुर्व्यवहार रोक्न, बाल अदालत स्थापना गर्ने कार्य अगाडि बढाउन, घरेलु नोकर सम्बन्धी कानून बनाउन, बाल श्रम निषेधलगायत बालअधिकारसम्बन्धी अन्य महत्वपूर्ण विषयहरू बालबालिकाको पाठ्यक्रममा समावेश गर्न भन्ने समेतका आदेशहरू जारी भएका छन्।

(३) **स्वच्छ सुनुवाइको अधिकारसम्बन्धीः** हिरासतमा लिई यातना दिई हत्या गर्ने विरुद्ध अभियोजन गर्न, द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्यलाई कसूर कायम गर्न, द्वन्द्व पीडितहरूलाई अन्तरिम राहत स्वरूप क्षतिपूर्ति दिन, विBमान थुनछेकसम्बन्धी कानूनमा सुधार गर्नेतर्फ आवश्यक अध्ययन अनुसन्धान गर्न, यातनालाई प्रोत्साहन दिने प्रकृतिको कानूनमा न्यायोचित सुधार गर्न, मुद्दा हेर्ने अधिकारीको आदेश बेगर २४ घण्टा भन्दा बढी हिरासतमा राख्ने कानून संशोधन गर्न, स्वच्छ सुनुवाइको हक प्रतिकूल देखिएको सैनिक ऐन, २०६३ का केही व्यवस्थाहरू अमान्य घोषित गर्न सर्वोच्च अदालतले विभिन्न मुद्दामा आदेश दिएको देखिन्छ।

(४) **जातीय छुवाछुत र विभेदसम्बन्धीः** जातिपातिका आधारमा हुने छुवाछुतको व्यवहार नगर्नका लागि समाजलाई चेतनशील बनाउन, वादी जातिको उत्थान र विकासका लागि जन्मदर्ता र नागरिकता लिने प्रक्रियामा सुधार गर्न, तीनधारा संस्कृत छात्रावासमा प्रवेश गर्न भेदभाव रहित कानून बनाउन, बेद विद्याश्रमबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूमा भेदभावरहित र स्वच्छ छनौट गर्न समेत सर्वोच्च अदालतले विभिन्न मुद्दामा आदेश गरेको छ। त्यस्तै, मुलुकी ऐन, अदलको महलको १०क नं. अन्तर्गत परेका मुद्दाहरूको अनुसन्धान प्रक्रियामा पीडित पक्षको सरल र प्रभावकारी पहुँच, दण्ड सजाय र पीडितलाई क्षतिपूर्ति भराउने सम्बन्धमा तथ्यांक संकलन र अध्ययन गरी उपयुक्त कानुन निर्माण गर्नु भनी निर्देशनात्मक आदेश समेत जारी भएको छ ।

(५) **फरक तरिकाले सक्षम व्यक्तिसम्बन्धीः** सर्वोच्च अदालतबाट अन्धा, अपांग, बहिरा तथा सुस्त मनःस्थिति भएका व्यक्तिहरूलाई नेपालभरिका सम्पूर्ण सार्वजनिक विद्यालय, विश्वविद्यालय तथा तालिम केन्द्रहरूमा निःशुल्क शिक्षा र तालिम दिने भनी निर्देशात्मक आदेश जारी भएको छ । त्यस्तै, बहिरा विद्यार्थीहरूका लागि विशेष पाठ्यपुस्तकको र साङ्केतिक भाषाको माध्यमवाट निःशुल्क पढाई हुने गरी स्कुल तथा उच्च शिक्षालयको स्थापना गर्ने, सुरक्षा वा उपचारको लागि मानसिक रोगीलाई कारागारमा राख्न मिल्ने भन्ने अपाङ्गसम्बन्धी ऐन, २०३९ को दफा १६(२) को व्यवस्था अमान्य हुने आदेश समेत सर्वोच्च अदालतबाट भएको देखिन्छ।

(६) **सामाजिक कुरीतिसम्बन्धीः** सामाजिक कुरीतिको कारणबाट पीडितको न्यायको लागि सर्वोच्च अदालतले विभिन्न आदेशहरू गरेको छ। जस्तैः सामाजिक व्यवहार सुधार ऐन, २०३३ ले निषेध गरेका कार्य नगर्न र गरेमा दण्डसमेत हुने कुराको रेडियो, टेलिभिजन र सञ्चारको माध्यमद्वारा प्रचार प्रसार गर्न, बोक्सीको आरोप लगाई हुने गरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्य रोकथाम, नियन्त्रण एवं सजायका लागि कानून बनाउन सर्वोच्च अदालतबाट आदेशहरू भएका छन्। त्यस्तै रुढीवाद, अन्धविश्वास र अज्ञानता हटाउन सामाजिक सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न, छाउपडी प्रथालाई कुरीति घोषणा गर्न र त्यस बारेमा सार्वजनिक चेतना जगाउन, विवाहमा बढी र फजुल खर्च गर्न नहुने भन्नेसमेत चेतना फैलाउन सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ लाई विद्यालयको पाठ्यक्रममा समावेश गराउन समेत विभिन्न मुद्दामा निर्णय भएको पाइन्छ।

(७) **अदालतका सेवाग्राहीसम्बन्धीः** अदालतका सेवाग्राहीलाई सहज रूपमा सेवा पुग्न सकोस भन्ने हेतुले सर्वोच्च अदालतले विभिन्न मुद्दामा आदेशहरू गरेको देखिन्छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९, बीमा ऐन, २०४९ मा पीडित पक्षले तत्काल क्षतिपूर्ति रकम पाउने गरी सरल र सहज कार्यविधिको तर्जुमा गर्न, मुद्दा मामिलाको रोहमा पीडित वा पक्ष रहेका महिला, बालबालिका, एच. आई. भी. एड्स संक्रमित व्यक्तिहरूको गोपनीयता संरक्षण गर्ने सम्बन्धमा आवश्यक कानून बनाउन, म्याद तामेल सम्बन्धमा गल्ती पुनरावृत्ति नहुने

व्यवस्थाको निमित्त कर्मचारीको दक्षता अभिवृद्धि गर्न सर्वोच्च अदालतले दिएका आदेशहरू उदाहरणीय छन्। त्यस्तै, धरौट वा जरिवाना तिर्न नसकेवापत सिधै कैद ठेक्ने गरी भएका कानूनी व्यवस्थाहरूको तुलनात्मक अध्ययन गरी यथाशिघ्र उपयुक्त कानूनी व्यवस्था गर्न, पीडित एवं साक्षी संरक्षण र सहायता सम्वन्धमा उपयुक्त छुट्टै कानून निर्माण गर्न, सरकारी साक्षीले कानूनबमोजिम प्राप्त गर्ने खर्चको व्यवस्था मिलाउन तथा अदालत समेतमा दोभाषे सेवा प्रवाह गर्न निर्देशिका सहितको आवश्यक व्यवस्था गर्न भनी सर्वोच्च अदालतबाट भएका आदेशहरू न्यायमा पहुँचका दृष्टिले महत्वपूर्ण रहेका छन्।

२.६. **न्यायमा पहुँचसम्बन्धी वस्तुस्थिति विश्लेषण** यस खण्डमा नेपालमा न्यायमा पहुँचसम्बन्धी पद्धतिको वर्तमान अवस्था बारेमा चित्रण गरिएको छ। न्यायमा पहुँचसम्बन्धी पद्धतिको सबल तथा कमजोर पक्षहरू र अवसर तथा चुनौति सहितको विBमान स्थिति विश्लेषण गरी यसै आधारमा न्यायमा पहुँच आयोगका वार्षिक कार्ययोजना र क्रियाकलापहरू पहिचान गरिएको छ।

## २.६.१ न्यायमा पहुँचसम्बन्धी पद्धतिका सबल पक्षहरू

- न्यायमा पहुँच आयोगको क्रियाशीलताका लागि स्वयं सम्माननीय प्रधान न्यायाधीशज्यूको प्रतिवद्धता र नेतृत्व रहेको छ।
- न्यायमा पहुँचसम्बन्धी केही क्रियाकलापहरू न्यायपालिकाको रणनीतिक योजना मार्फत पनि कार्यान्वयन भैरहेको हुँदा केही हदसम्म रणनीतिक आधारहरू पहिलेदेखि नै विद्यमान रहेका छन्।
- हाल आएर न्यायमा पहुँच आयोग नै गठन भएको हुँदा संस्थागत संरचना विकास गर्ने कार्य शुरू भैसकेको छ।
- न्यायमा पहुँचसम्बन्धी अवधारणामा आधारित केही कानूनी प्रावधानहरू विद्यमान रहेका छन्।
- न्यायपालिका र सम्बद्ध अन्य निकायहरूलाई न्यायमा पहुँच अभिबृद्धि हुने गरी कार्य गर्न निर्देश गरी सर्वोच्च अदालतबाट विभिन्न आदेशहरू पनि भएका छन्।
- सर्वोच्च अदालतबाट न्यायिक प्रक्रियालाई गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउने तरिकाका बारेमा केही अध्ययनहरू पनि भएका छन् जसले न्यायमा पहुँच आयोगलाई कार्य गर्ने केही आधार प्रदान गरेका छन्।
- नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अनुबन्ध, २०६६ लाई अनुमोदन गरेको र यस अनुबन्धले सक्षम, स्वतन्त्र र निष्पक्ष निकायबाट न्याय पाउने नागरिक अधिकारको प्रत्याभूति गरेको हुँदा यस बारेमा राज्यको पनि अन्तरराष्ट्रिय स्तरमा प्रतिवद्धता रहेको छ।
- न्यायपालिकाको विभिन्न तहका अदालतहरूको संस्थागत संरचना देशको ७५ वटै जिल्ला सदरमुकामहरूसम्म पुगेको छ भने आवश्यकता अनुसार विशेष अदालतहरू, न्यायाधिकरण तथा अर्द्धन्यायिक निकायहरू पनि गठन भएका छन्।

- न्यायसेवाको प्रभावकारिताका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको माध्यमबाट न्यायपालिकाका कर्मचारीहरूलाई उत्प्रेरित गर्ने प्रयास गरिएको छ।
- न्यायिक संवाद कार्यक्रमको माध्यमबाट अदालतहरूले केही हदसम्म कानून र अदालतसम्बन्धी जानकारीहरू समुदायसम्म पुऱ्याउने कार्यको थालनी भएको छ।
- टेलिभिजन, रेडियो जस्ता संचार माध्यमबाट न्यायमा पहुँचसम्बन्धी केही कार्यक्रमहरूको प्रसारण शुरु भएको छ।

## २.६.२ न्यायमा पहुँचसम्बन्धी पद्धतिका कमजोर पक्षहरू

अदालतको संरचना जिल्लाको सदरमुकामसम्म पुगेपनि स्थानीय तहमा पुग्न सकेका छैनन्।

- न्यायमा पहुँच नागरिकको अधिकारको रूपमा स्थापित भैसकेको वर्तमान अवस्थामा यस चुनौतिलाई सम्बोधन गर्न विद्यमान जनशक्तिको क्षमता अपर्याप्त छ।
- न्यायपालिकालाई अपेक्षित मात्रामा बजेट प्राप्त हुने गरेको छैन र आवश्यक आर्थिक स्रोत आफैंले जुटाउने अधिकार न्यायपालिकालाई छैन।
- न्यायिक प्रक्रियामा अवलम्बन गरिने कतिपय कार्यविधिहरू झन्झटिला र औपचारिक छन्।
- न्यायमा पहुँचसम्बन्धी कानूनी व्यवस्थाहरू विभिन्न ऐनहरूमा छरिएर रहनुका अतिरिक्त अपर्याप्त छन्।
- न्यायपालिकाको रणनीतिक योजना छ तर न्यायमा पहुँच आयोगको आफ्नो छुट्टै रणनीतिक योजना बनिसकेको अवस्था छैन।
- न्यायिक कार्यमा संलग्न कर्मचारीहरूको व्यवहार सेवाग्राहीमैत्री छैन भन्ने सेवाग्राहीको गुनासो छ।
- हाल न्यायसम्बन्धी सेवाप्रदायक संयन्त्रहरूको कामको प्रभावकारी नभएको भन्ने गुनासो रहेको छ।

## २.६.३ न्यायमा पहुँचसम्बन्धी पद्धतिका लागि उपलब्ध अवसरहरू

- न्यायमा पहुँचसम्बन्धी अवधारणालाई असल शासनसम्बन्धी एउटा प्रमुख तत्त्वको रूपमा स्वीकार गरिएको छ।
- जनमानसमा न्यायसम्बन्धी हकका बारेमा जागरण बढ्दै गएको हुँदा न्यायमा पहुँच आयोगले कार्यान्वयन गर्ने कार्यक्रमको माग अभिबृद्धि हुने सम्भावना छ।
- अझै पनि समाजको ठूलो हिस्सा न्यायको पहुँचबाट बाहिर रहेको अवस्था भएकोले न्यायमा पहुँच आयोगलाई पर्याप्त कार्यक्षेत्र उपलब्ध हुनेछ।
- अन्य सरकारी तथा गैर सरकारी निकायहरूले पनि यसक्षेत्रमा कार्यहरू गरिरहेको हुँदा उनीहरूसँग समन्वय र सहकार्यको सम्भावना छ।

- न्यायमा पहुँच आयोगको कार्यक्षेत्र प्रत्यक्ष नागरिकको सेवाका लागि लक्षित भएको हुँदा अन्तरराष्ट्रिय दाता समुदायहरूको आकर्षण र चासो बृद्धि हुन सक्ने देखिन्छ।

### २.६.४ न्यायमा पहुँचसम्बन्धी पद्धतिका चुनौतिहरू

- जनमानसमा न्याय प्रदायक संस्थाप्रतिको दृष्टिकोण नकारात्मक हुँदै गएकोले आयोगको काममा सहयोगी भावना जुटाउन कठिन हुन सक्छ।
- लक्षित वर्गमा शिक्षाको स्तर कमजोर भएकोले न्यायमा पहुँच आयोगले आफ्ना विषयगत कुरा बुझाउन नै कठिन हुन सक्छ।
- न्यायसम्बन्धी सेवामा कानून व्यवसायीको ठूलो भूमिका रहने तथा न्यायको खोजिका लागि लाग्ने खर्चमा कानून व्यवसायीको सेवाका लागि तिर्नुपर्ने खर्च समेत पर्ने भएपनि कानून व्यवसायीको शुल्क नियमित गर्ने कुनै प्रणाली छैन।
- न्यायका सेवाग्राहीहरू न्याय खोज्न जाने अन्य संयन्त्रहरू उपर अदालत वा आयोगको नियन्त्रण र पहुँच छैन।
- आयोग वा अदालतलाई आफूले चाहे अनुसारका कानून निर्माण गर्ने अधिकार छैन।
- आयोग वा अदालतलाई आवश्यक पर्ने स्रोत साधन उपलब्ध गराउने निकायहरू अदालत वा आयोगको नियन्त्रणमा छैनन्।
- विभिन्न निकायहरूबाट भैरहेका कामहरूको समन्वय गर्ने प्रभावकारी संयन्त्रको अभाव छ।

# परिच्छेद तीन

## न्यायमा पहुँचसम्बन्धी अभिमत सर्वेक्षणको विश्लेषण

प्रस्तुत कार्ययोजना बनाउने क्रममा कार्यसमूहबाट सरोकारवालाहरूसँग विभिन्न चरणमा छलफल गरी सुझाव सङ्कलन गरिएको थियो। पुनरावेदन तथा जिल्ला अदालतका माननीय न्यायाधीशहरू, न्यायपालिकामा कार्यरत कार्मचारीहरू, विभिन्न सरकारी निकायका अधिकृतहरू अदालतका सेवाग्राहीहरू, कानून व्यवसायीहरू, सर्वसाधारण जनता, महिला तथा समाजमा पछाडि पारिएका वर्गका व्यक्तिहरू, विद्यार्थी, शिक्षकहरू लगायतले उक्त छलफलमा सहभागी भै व्यक्त गर्नु भएको विचारको सारलाई यस परिच्छेदमा न्यायमा पहुँचसम्बन्धी विBमान समस्या तथा अवलम्बन गर्नुपर्ने समाधानका उपायहरूका रूपमा प्रस्तुत गरिएको छ। अभिमत लिइएका व्यक्तिहरूको नामावली अनुसूची -३ मा उल्लेख गरिएको छ।

### ३.१ रणनीतिक रूपमा परिचालन गर्ने विषय

न्यायपालिकाको रणनीतिक योजना तयार भएपनि न्यायमा पहुँचसम्बन्धी आयोगको अलग्गै रणनीतिक योजना बनेको छैन । न्यायमा पहुँचसम्बन्धी वस्तुस्थिति बारेमा सूचना सामाग्रीहरूको कमीले गर्दा रणनीतिक योजना तर्जुमा गर्न अप्ठ्यारो पर्न सक्दछ। न्यायका आकांक्षीहरूको चाहनामा आधारित भएर न्याय प्रदान गर्ने कार्यक्रम बनाइँदैन। धेरैजसो न्यायसम्बन्धी सेवा प्रदायक निकायको दृष्टिकोणबाट परिचालित (Supply-driven) भएर क्रियाकलाप तर्जुमा हुने गरेको छ।

न्यायका आकांक्षीहरूलाई न्यायमा पहुँच अभिबृद्धि गर्नको लागि अल्पकालीन र दीर्घकालीन लक्ष्यमा आधारित कार्ययोजना बनाएर कार्यान्वयन गर्न आवश्यक भएका सुझावहरू खासगरी अदालतमा कार्यरत माननीय न्यायाधीश तथा अन्य जनशक्तिबाट प्राप्त भएका छन्।

### ३.२ कार्यसम्पादन गर्ने संयन्त्रसम्बन्धी विषय

अदालतका गाउँस्तरसम्म पुगेर काम गर्ने कुनै संयन्त्र छैन। हालसम्म पनि नेपालमा कानून व्यवसायीहरूले निजी रूपमा प्रदान गर्ने निःशुल्क *(pro bono)* कानूनी सेवा लिन सकिने वा नसकिने बारे कुनै निर्णय भएको छैन।

वैतनिक कानून व्यवसायीको सेवा सदरमुकामसम्म मात्र सीमित भएकोले ग्रामीण तहसम्म कानूनी सेवा पुग्न सकेको छैन। अदालतमा वैतनिक कानून व्यवसायीले दिने गरेको सेवा प्रभावकारी नभएको गुनासो छ। उनीहरूको क्षमताप्रति सेवाग्राहीको विश्वासमा पनि कमी छ साथै अदालतले उनीहरूलाई दिएको स्रोत साधन र जनशक्ति पनि पर्याप्त छैन। राम्रो व्यवसाय चलेका कानून व्यवसायीहरू वैतनिक कानून व्यवसायी बन्न नचाहने अवस्था छ। वैतनिक कानून व्यवसायी, कानूनी सहायता समिति लगायत सामाजिक संस्थाहरूले पनि निःशुल्क कानूनी सेवा उपलब्ध गराएको भएपनि ती सेवा पर्याप्त हुन नसक्नुका साथै आपसी समन्वयको पनि अभाव रहेको छ। हामीकहाँ अदालती प्रक्रियामा नेपाली भाषा मात्र प्रयोग हुने

भएकोले धेरै पक्षहरू आफ्नो सुनुवाइ राम्रोसँग बुझ्दैनन्। केही विदेशी भाषामा बाहेक मौखिक अनुवादकको सेवा उपलब्ध गराइएको छैन।

भौगोलिक विकटता र सरकारी संयन्त्र टाढा भएका कारणले दुर्गम क्षेत्रका मानिसहरूले फौजदारी मुद्दाहरू समेत आफैं मिलाउने गर्छन्। न्यायिक बाहेकका अर्द्धन्यायिक निकायहरूमा धेरै मुद्दाको सुनुवाई हुन्छ। अदालतहरू लगायत अन्य न्याय प्रदायक संस्थाहरू बीच समन्वयको अभाव रहेको छ। बार र बेञ्च बीच समन्वयमा कमी देखिएको छ।

यी चुनौतिहरूको सामना गर्न गाउँस्तरसम्म कानूनी सेवा प्रदायक संरचनाको विकास गर्ने, निःशुल्क कानूनी सेवा दिनका लागि अदालतले कानून व्यवसायीहरूलाई आह्वान गर्ने, संचार माध्यमको अत्यधिक उपयोग गरी कानूनी सूचना र जानकारीहरू स्थानीय स्तरसम्म पुर्‍याउने, कानूनका विद्यार्थीहरूलाई र जिल्लास्थित अदालतका संयन्त्रहरूलाई सचेतना कार्यक्रममा उपयोग गर्ने, अर्द्धन्यायिक निकायहरूको गतिविधिहरूलाई पनि न्यायमा पहुँच आयोगको क्षेत्रभित्र समेट्नु पर्ने जस्ता उपाय अपनाउन मनासिव हुने सुझावहरू खासगरी सामाजिक संस्थाका प्रतिनिधिहरूसँगको छलफलमा प्राप्त भएको छ।

## ३.३ कानूनी संरचनासम्बन्धी विषय

न्यायमा पहुँच आयोग स्वयंको कानूनी आधार कमजोर छ। वार्षिक ४० हजार रूपैयाँभन्दा कम आय भएकाले मात्र कानूनी सहायता पाउने कानूनी व्यवस्था नै गलत छ। यस्तो आय बारेको सिफारिस लिनका लागि गाविसले दस्तुर लिने गरेकोले विपन्न वर्गका व्यक्तिहरूका लागि यस्तो सुविधा पाउन झण्झट छ। निर्धारित समयमा मुद्दा फैसला नभएमा तालुक अड्डामा जाहेर गर्नुपर्ने अदालती बन्दोवस्तको १५ नं. को व्यवस्था कार्यान्वयनमा आएको छैन। निरन्तर सुनुवाइको प्रक्रिया अपनाउनु पर्ने मुद्दाको सूची अपूर्ण छ।

यी समस्या तथा चुनौति सामना गर्न न्यायमा पहुँच आयोगसम्बन्धी बलियो कानूनी आधार पारित गर्ने, अदालती बन्दोवस्तको महलको १५ नं को व्यवस्था प्रयोगमा ल्याउने, अन्य कानूनी व्यवस्थाहरूमा उपयुक्त संशोधन गर्ने जस्ता सुझावहरू कार्यसमूहलाई प्राप्त भएका छन्।

## ३.४ क्षमता तथा स्रोत साधनसम्बन्धी विषय

अदालतहरूको भौतिक संरचनाहरू अझै फरक तरिकाले सक्षम व्यक्तिहरूका लागि तथा महिलाहरू र गोपनीयता कायम गर्नुपर्ने मुद्दाहरूको सेवाग्राहीका लागि मैत्रिपूर्ण छैन। कतिपय अदालतहरूको भौतिक अवस्था नै कमजोर छ। घरहरू पुराना छन्। नयाँ नियुक्त हुने न्यायाधीशका लागि इजलास लगायतका भौतिक संरचना अपुग छ। मानव स्रोत व्यवस्थापनको अवधारणा न्यायप्रदायक निकायमा पूर्णरूपमा विकास हुन सकेको छैन। यी निकायहरू र यसमा कार्यरत कर्मचारीको सेवाप्रदान गर्ने क्षमता पनि कमजोर छ। जसले गर्दा सेवाग्राहीहरू न्यायका पहुँचबाट वञ्चित हुनु परेको छ। यसका लागि सरकारले यस क्षेत्रमा लगानी बढाउनु पर्छ भन्ने सुझाव खासगरी न्यायपालिकामा कार्यरत कर्मचारीहरूसँगको छलफलमा प्राप्त भएको छ।

## ३.५ प्रक्रियागत विषय

न्यायको खोजि गर्न अदालत आउनु अघिदेखि नै पीडितले अप्ठ्यारो परिवेशबाट गुज्रनु पर्छ। खासगरी महिला पीडित भएका अवस्थामा उनीहरूलाई तत्काल आवश्यक पर्ने शारीरिक परीक्षण तथा प्राथमिक उपचार सहजरूपमा उपलब्ध हुँदैन। स्वास्थ्यसम्बन्धी निकायमा त्यसका लागि शुल्क तिर्नुपर्ने अवस्था छ। मनोपरामर्श सेवा प्रदान गर्न सकिएको छैन।

जाहेरी दरखास्त दर्ता गराउन नै असाध्य कठिन छ। जाहेरी दरखास्त लिएर गएपछि पहिले प्रतिवादी कस्तो क्षमताको मानिस हो भनेर प्रहरीले खोज्ने काम गर्छन्। अनिमात्र दर्ता गर्ने नगर्ने निर्णय लिन्छन्। कतिपय विषयमा प्रहरीले आफै कचहरी गरेर नमिल्ने मुद्दाहरू पनि मिलाउने गरेका छन्। पीडितका परिचय गोप्य राख्नु पर्ने कुराहरू पनि सञ्चार माध्यमले गोप्य रहन दिंदैनन्।

खासगरी न्याय प्रदान गर्ने सन्दर्भमा अदालतले अपनाउने प्रक्रिया लामो, झण्झटिलो र खर्चिलो छ। न्यायिक प्रक्रियाका लागि पक्षले धेरै खालका दस्तुरहरू तिर्नुपर्ने अवस्था रहेको छ। पक्षहरूलाई पठाइने म्याद तामेलीको प्रक्रिया नै अप्ठ्यारो छ। कतिपय अवस्थामा राजनीतिक व्यक्तित्वहरूले नै म्याद बुझ्न मान्दैनन्। स्थानीय तहमा म्याद बुझाउने काममा सहयोग हुँदैन। प्रतिवादीलाई दिइने लगायत पुनरावेदनको लागि दिइने म्यादको अवधि तथा म्याद गुज्रेमा थमाउने अवधि अनावश्यक रूपमा लामो छ। अंश दिन नचाहने पक्षले मुद्दामा सहयोग गर्न नचाहेमा मुद्दाको कारवाहीलाई लम्ब्याइदिन सक्छ।

अदालतमा आउने सेवाग्राहीले उनीहरूलाई आवश्यक पर्ने सूचना प्राप्त गर्ने प्रणाली सहज छैन। मुद्दाको कारवाई नहुने दिन पनि अदालत आउनु पर्दा सेवाग्राहीलाई धेरै कष्ट भएको छ। अदालतमा आउने साक्षीहरूका लागि सहज वातावरण नहुँदा उनीहरूले समेत हैरानी महसुस गर्छन्। गोप्य राख्नुपर्ने साक्षीको परिचय गोपनीय राख्ने बारेमा संवेदनशीलता देखिंदैन। गम्भीर मुद्दाका साक्षीहरूको सुरक्षा सुनिश्चित हुने वातावरण छैन। सरकारी साक्षीले पाउने यातायात खर्च पनि पाउन सकेका छैनन्। कानून व्यवसायीका वहसहरू रेकर्ड नहुने र बहसनोट दिन अनिवार्य नहुँदा मनपरी वहस गर्ने गरेको पाइन्छ। कानून व्यवसायीहरूले मुद्दा हटाउने कुरालाई अधिकारको जस्तै ठान्छन् जसले गर्दा मुद्दामा ढिलाई हुन्छ।

फैसला कार्यान्वयनसम्बन्धी प्रक्रिया पनि लामो समय लाग्ने खालको छ। फैसला कार्यान्वयन प्रभावकारी नहुनु न्याय नपाएसरह नै हो। खासगरी महिला पीडित भएका मुद्दामा क्षतिपूर्ति दिलाउने विषयका कानूनी व्यवस्थाहरूमा अस्पष्टता र प्रक्रियागत जटिलता छ। कतिपय नीति र कानून भएपनि तिनीहरूको कार्यान्वयनको अवस्था कमजोर छ।

माथि उल्लेखित समस्या समाधान गर्न न्यायमा पहुँच आयोगले न्याय दिलाउने प्रक्रियामा संलग्न अदालत बाहिरका निकायमा रहेका समस्याहरूलाई पनि सम्बोधन हुने गरी क्रियाकलापहरू तोक्नु पर्ने सुझावहरू आएका छन्। अदालतमा हुने मुद्दाको तथा फैसला कार्यान्वयनको कारवाहीलाई छिटो छरितो बनाउन कार्यविधिसम्बन्धी कानूनहरूमा सुधार गर्ने, साक्षी संरक्षणका उपायहरू अपनाउने, कानून व्यवसायीको वहसलाई व्यवस्थित गर्ने कुरामा जोड

दिनुपर्छ। विपन्न तथा असहाय वर्गका सेवाग्राहीहरूका लागि अदालतमा लाग्ने दस्तुर शुल्क आदि मिनाहा दिने व्यवस्था गर्नु उपयुक्त हुने सुझावहरू प्राप्त भएका छन्।

## ३.६ मानवीय व्यवाहार सम्बन्धी विषय

अदालतमा काम गर्ने कार्मचारीहरूमा सेवाभावको अभाव छ। उनीहरूमा सेवाग्राहीहरूप्रति गरिने व्यवाहर वारेमा ज्ञान र शीपको कमी छ। सेवाग्राहीले गर्ने गुनासोहरूको उपयुक्त सम्बोधन हुने गरेको छैन। अदालतहरूमा इजलास ढिलो बस्ने छिटो उठ्ने गरेको छ।

अदालतको जनशक्तिलाई सेवाग्राहीमैत्री व्यवहार गर्ने तरिकाको वारेमा तालिम प्रदान गर्नुपर्ने र समयमा इजलास बस्ने परिपाटि बसाल्नु पर्छ भन्ने सुझाव खासगरी कानून व्यवसायीहरू र सेवाग्राहीहरूबाट प्राप्त भएका छन्।

## ३.७ सामाजिक अवस्थासम्बन्धी विषय

अशिक्षाको कारणले गर्दा धेरै मानिसहरूमा आफ्ना अधिकार हनन् भएको कुरा तथा अधिकार हनन् हुँदा उपचार कहाँ खोज्ने भन्ने कुराको बारेमा ज्ञानको अभाव छ। राज्यबाट उपलब्ध कानूनी सहायताका बारेमा पनि उनीहरूलाई थाहा छैन। कानून विषयको अध्यापन माध्यामिक र उच्चमाध्यामिक विद्यालयमा नगराइएको कारणले गर्दा शिक्षित व्यक्तिमा समेत कानूनसम्बन्धी ज्ञानको कमी पाइएको छ।

कतिपय सेवाग्राहीहरू गरिबीको कारणले गर्दा अदालतमा लाग्ने दस्तुर तिर्न नसकेर पनि सेवाबाट विमुख हुनुपरेको छ। महिलाहरू त झन् साम्पत्तिक अधिकारबाट बञ्चित रहेका कारण खर्च जुटाउन नसकेर अन्याय सहेर बस्नु परेको छ। धेरै अभियुक्तहरू गरिबीको कारण थोरै रकम धरौटि राख्न नसकेर पनि थुनामा बस्नु परेको छ। अदालती प्रक्रिया महङ्गो छ भन्ने सामाजिक दृष्टिकोण रहेकोले पनि पीडित हुँदा पनि मानिसहरू अदालतमा आउन चाहँदैनन्।

सामाजिक रूपमा ठूला मानिएका मानिसहरू विरुद्ध मुद्दा दर्ता गर्न डर मान्ने चलन छ।महिलामा शिक्षाको स्तर कम छ। प्रमाण हुँदाहुँदै पनि वलात्कार जस्ता मुद्दाहरू गाउँमा मिलाइदिएका उदाहरण छन्। आफ्ना मानिसले अपराध गरेपनि बचाउने सामाजिक चलन पनि छ। न्याय खोज्ने मानिसहरू पहिले प्रहरीमा, त्यसपछि प्रमुख जिल्ला अधिकारीसमक्ष र त्यहाँबाट नभएमा मात्र अदालत आउने गर्छन्।

यसका लागि सञ्चार क्षेत्रको अधिकतम उपयोग गरी जनचेतना अभिबृद्धि गर्नुपर्ने तथा विद्यालयस्तर देखि नै कानून तथा न्यायसम्बन्धी शिक्षाको अध्यापन गर्नुपर्ने भन्ने सुझाव प्राप्त भएको छ।

## ३.८ विविध

न्यायमा पहुँच सम्बन्धमा हालसम्म कुनै ठोस अनुसन्धान हुन सकेको छैन। हालसम्म न्यायमा पहुँच बारेमा छिटफुट रूपमा भएका क्रियाकलापहरूको बारेमा पनि प्रभाव मूल्याङ्कन भएको पाइँदैन। अदालतबाहेक सरकारी तथा गैरसरकारी निकायहरूले महिला, विपन्न, असहाय तथा असक्षम वर्गहरूलाई न्यायमा पहुँच दिलाउने बारेमा गरेका क्रियाकलापहरूको कुनै लेखाजोखा भएको देखिँदैन।

कानून व्यवसायीको शुल्क कति हुने भन्ने सुनिश्चित नहुँदा मुद्दाको खर्चबारेमा मुद्दाका पक्षहरूले अनुमान गर्न सक्दैनन्। त्यस्तै, मुद्दा मामिला गर्दा सेवाग्राहीले व्यहोर्नु पर्ने यातायात, वसोवास लगायतका विभिन्न अप्रत्यक्ष खर्चहरू धेरै छन् जसबाट सेवाग्राहीको खर्च अनावश्यक रूपमा बढेको छ। मुद्दाको आयु जति बढी हुन्छ यस्ता खालका खर्चहरू पनि त्यति नै बढी हुन्छन्।

यस्तो समस्या सम्बोधन गर्नका लागि न्यायमा पहुँचसम्बन्धी अवरोधक तत्त्वहरूको बारेमा विस्तृत अध्ययन गर्नु जरूरी छ। कानून व्यवसायीहरूले लिने शुल्कहरू पारदर्शी भएमात्र न्याय प्राप्त गर्ने सिलसिलामा हुने खर्चको अनुमान लगाउन सकिन्छ। मुद्दाको आयु कम गर्न लक्षित वर्गका व्यक्तिहरूसँग सम्बन्धित मुद्दाको छिनोफानो गर्न द्रुत अदालतहरूको व्यवस्था गर्नुपर्ने तथा अदालतका भौतिक संरचनाहरू सेवाग्राहीमैत्री बनाउनु पर्ने जस्ता सुझावहरू खास गरेर सेवाग्राहीहरूसँगको छलफलमा आएका छन्।

# परिच्छेद चार

## कार्ययोजनामा प्रस्तावित कार्यक्रमहरू

यस परिच्छेदमा परिच्छेद दुईमा उल्लेखित वस्तुस्थिति विश्लेषण, परिच्छेद तीनमा उल्लेखित सरोकारवालाहरूसँगको अभिमत सर्वेक्षण एवं अन्य अध्ययन सामग्रीका आधारमा न्यायमा पहुँच आयोगले यस आर्थिक वर्षमा सम्पादन गर्ने विभिन्न कार्यक्रमहरू उल्लेख गरिएको छ। प्रस्तावित यी कार्यक्रमहरूलाई सेवाग्राही (Demand side) मा केन्द्रित[९] र सेवाप्रदायक (Supply side) मा केन्द्रित[१०] गरी २ भागमा विभाजन गरी यहाँ प्रस्तुत गरिएको छ।

### ४.१ सेवाग्राही (Demand side) मा केन्द्रित कार्यक्रमहरू

४.१.१ **विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिको पहिचानः** न्यायमा पहुँच आयोगलाई महिला, विपन्न, असहाय र फरक तरिकाले सक्षम वर्गका व्यक्तिहरूको हक अधिकार बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने कार्यदिश प्राप्त भएकोमा आयोगले सम्बोधन गर्नुपर्ने त्यस्ता लक्षित वर्गको पहिचान गरेपछि मात्र उनीहरूका लागि कार्यक्रम सञ्चालन गर्न सकिने भएकोले पहिलो वर्षमा यस्ता वर्गहरू पहिचान गर्ने कार्यक्रम राखिएको छ।

४.१.२ **महिला, विपन्न, असहाय र असक्षम (लक्षित वर्गका) व्यक्तिहरूलाई प्राप्त हक अधिकार बारे सन्दर्भ सामाग्री र प्रशिक्षक तयारीः** लक्षित वर्गका हक अधिकारहरूबारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सबै कार्यक्रममा एकै प्रकृति र गुणस्तरको जानकारी संप्रेषण गर्नुपर्ने हुँदा त्यसबारेको शैक्षिक सामग्री तयार गरी प्रशिक्षकलाई तालिम प्रदान गर्ने कार्यक्रम राखिएको छ।

४.१.३ **महिला, विपन्न, असहाय र असक्षम (लक्षित वर्गका) व्यक्तिहरूका हक अधिकार बारे जनचेतनामूलक कार्यक्रम सञ्चालनः** लक्षित वर्गका व्यक्तिहरूलाई उनीहरूका खासगरी न्यायसम्बन्धी हक अधिकार बारे जानकारी दिनु आयोगको प्रमुख कार्य भएकोले स्थानीय स्तरमा गएर गरिने यो कार्यक्रम लामो समयसम्म पनि सञ्चालन गर्नुपर्ने हुन्छ। तर यस आर्थिक वर्षमा केही संख्यामा यस्ता सचेतनासम्बन्धी कार्यहरू शुरु गर्ने गरी प्रशिक्षण कार्यक्रमहरू राखिएको छ।

४.१.४ **महिला, विपन्न, असहाय र असक्षम (लक्षित वर्गका) व्यक्तिहरूका हक अधिकार बारे प्रचार प्रसारः** लक्षित वर्गका व्यक्तिहरूका लागि जनचेतनामूलक क्रियाकलाप सञ्चालन गर्ने संयन्त्रको रूपमा सञ्चार माध्यमको उपयोग अनिवार्य देखिन्छ। त्यसका लागि

---

[९] "सेवाग्राही ( Demand side) मा केन्द्रित कार्यक्रम" भन्नाले खासगरी न्यायका आकांक्षीहरूलाई न्यायको खोजी गर्न सक्षम बनाउने उद्देश्यले सञ्चालित कार्यक्रमलाई जनाउँदछ।

[१०] "सेवा प्रदायक ( Demand side) मा केन्द्रित कार्यक्रम" खासगरी न्याय प्रदान गर्ने निकाय वा यसमा कार्यरत जनशक्तिको न्याय प्रदान गर्ने क्षमता अभिबृद्धि गर्ने उद्देश्यले सञ्चालित कार्यक्रमलाई जनाउँदछ।

सामग्री उत्पादन गरी सञ्चार माध्यमसँग सम्झौताका आधारमा सूचनामूलक सामाग्रीहरू प्रसारण गर्ने गरी कार्यक्रम निर्धारण गरिएको छ।

४.१.५: **कानून व्यवसायीहरूले निःशुल्क *(pro bono)* कानूनी सेवा उपलब्ध गराउने प्रणाली विकास गर्नेः** हाल वैतनिक कानून व्यवसायी लगायत केही अन्य संयन्त्रको माध्यामबाट निःशुल्क कानूनी सेवा उपलब्ध गराइएको भएपनि यो सेवा पर्याप्त र प्रभावकारी नभएको गुनासो कायमै रहेको छ। अर्कोतर्फ आर्थिक अभावले कानूनी सेवाबाट वञ्चित न्यायका आकांक्षीहरूको सङ्ख्या पनि प्रशस्त रहेको पाइएको र निःशुल्क कानूनी सेवा प्रदान गर्न कानून व्यवसायीहरू पनि इच्छुक देखिएकोले यसप्रकारको प्रणालीको शुरुआत गरेर न्यायमा पहुँच अभिबृद्धि गर्ने कार्यक्रम राखिएको छ।

४.१.६: **महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूको सशक्तिकरणका लागि कानूनी आधार विकासः** लक्षित वर्गका व्यक्तिहरूलाई अन्य वर्गभन्दा प्राथमिकताका साथ सशक्तिकरण गर्नुपर्ने र त्यसका लागि कानूनमा नै विशेष व्यवस्था गर्नुपर्ने आवश्यकतालाई मध्यनजर राख्दै तत्सम्बन्धी कानूनमा संशोधन गर्न अध्ययन गर्ने क्रियाकलाप राखिएको छ। त्यस्तै, कानूनको क्षेत्रमा महिला लगायत लक्षित वर्गको सहभागिता बढाउन कानून अध्ययन गर्नका लागि केही आर्थिक सहयोगको व्यवस्था गर्न खोजिएको छ।

## ४.२ सेवाप्रदायक निकाय ( Supply side) मा केन्द्रित कार्यक्रमहरू

४.२.१ **रणनीतिक योजनाको तयारी र कार्यान्वयनः** प्रस्तुत कार्ययोजनामा न्यायमा पहुँच आयोगले गर्ने अल्पकालीन क्रियाकलापलाई प्राथमिकता दिइएको छ। तर आयोग आफैमा स्थायी प्रकृतिको संरचना भएकोले र यसले दिर्घकालीन दृष्टिकोणका साथ कार्य गर्नुपर्ने हुनाले आयोगको vision, mission and value समेत समावेश गरी रणनीतिक योजना तर्जुमा गर्ने कार्यलाई प्राथमिकता दिनुपर्ने अवस्था छ।

४.२.२ **न्यायमा पहुँच आयोगसम्बन्धी कानूनी व्यवस्था परिमार्जनः** न्यायमा पहुँच आयोग हाल सर्वोच्च अदालत नियमावलीका आधारमा गठन भएकोमा यसको कानूनी आधारलाई अझ बलियो बनाउने गरी कानूनमा उपयुक्त संशोधन गर्ने क्रियाकलाप राखिएको छ।

४.२.३ **न्यायमा पहुँच आयोगसम्बन्धी संरचनागत व्यवस्थापनः** न्यायमा पहुँच आयोगले आफ्ना कामहरूलाई सफलतापूर्वक र प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि सचिवालय लगायत यसका कार्यदिश बमोजिम काम गर्ने संयन्त्र आवश्यक पर्ने भएको हुँदा शुरुआतमा नै यसको प्रवन्ध मिलाउनु पर्ने हुन्छ। आयोगमा न्यायको कार्यसँग सम्बद्ध केही लक्षित वर्गको विषयमा कार्यरत अन्य निकायहरूको पनि प्रतिनिधित्व गराउनु पर्ने महसुस भएको हुँदा तत्सम्बन्धी क्रियाकलाप गर्न खोजिएको छ।

४.२.४ **अदालतमा नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा साक्षीका लागि अनुवादकको सेवाः** नेपालको कामकाजको भाषा नेपाली भएको तर यो भाषामा औपचारिक संवाद गर्ने क्षमता नभएका सेवाग्राही पनि अदालतमा आउने गरेका छन्। त्यस्ता व्यक्तिले आफूले बुझ्ने भाषामा अदालतसँग संवाद गर्न पाउनु उनीहरूको मानव अधिकार भएको र भाषागत कमजोरीका कारण कसैले पनि न्यायको पहुँचबाट बञ्चित हुनु अन्यायपूर्ण हुने भएकोले यस्तो क्रियाकलाप यस वर्षको कार्ययोजनामा राखिएको छ।

४.२.५ **वैतनिक कानून व्यवसायीको सेवालाई विस्तारित र प्रभावकारी बनाउनेः** हाल उपलब्ध गराइएको वैतनिक कानूनी सेवा सेवाग्राही अदालत प्रवेश गर्नुपूर्व पनि उपलब्ध गराउने गरी विस्तार गर्ने, वैतनिक कानून व्यवसायीको सेवा माग गर्ने तरिकालाई सरल बनाउने, वैतनिक कानून व्यवसायीले पक्षको तर्फबाट तारेखमा बस्ने लगायतका क्रियाकलाप समावेश गरिएको छ।

४.२.६ **निःशुल्क कानूनी सहायताको सेवा विस्तार गर्नेः** कानूनी सहायता चाहिने व्यक्तिले मोवाइल मेसेज मार्फत् वैतनिक कानून व्यवसायी बारे जानकारी पाउने, कानूनी सेवा आवश्यक पर्ने व्यक्तिका लागि टोल फ्रि टेलिफोन सेवा उपलब्ध गराउने, निःशुल्क कानूनी सेवा प्रदायक विभिन्न संयन्त्रहरूबीचमा समन्वय गर्ने र यस्तो सेवाबारे सर्वसाधारणलाई जानकारी दिने गरी क्रियाकलापहरू निर्धारण गरिएको छ।

४.२.७ **अदालतमा सेवाग्राहीमैत्री वातावरणको विकासः** सेवाग्राहीप्रति अदालतमा गरिने व्यवहार सम्मानजनक र मैत्रिपूर्ण नभएको भन्ने गुनासो रहिआएको र यसका कारण अदालतको जनआस्थामा प्रतिकूल असर पर्नुका साथै न्यायका आकांक्षीहरू अदालत प्रवेश गर्न मन नपराउने अवस्था सिर्जना भएको पाइएको छ। त्यसैले अदालतका जनशक्तिको व्यवहारमा सुधार ल्याउन विभिन्न व्यवहार तथा मनोबृत्तिसम्बन्धी प्रशिक्षण प्रदान गर्ने कार्यक्रमहरू राखिएका छन्।

४.२.८ **अदालतमा आफैं प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूका लागि विशेष सेवाः** कानून व्यवसायीको सेवा विना नै अदालत आउने व्यक्तिलाई पनि अदालतले उत्तिकै सेवा प्रदान गर्नुपर्छ। त्यस्ता व्यक्तिहरूका लागि निवेदनको प्रक्रिया सरल गर्ने, कारवाई वा फिरादसम्बन्धी फारामहरूको विकास गरी फाराम भर्न अदालतले सहयोग गर्ने आदि क्रियाकलापलाई पनि कार्ययोजनामा समावेश गरिएको छ।

४.२.९ **न्यायसम्मको पहुँचमा रहेका अवरोधक तत्वहरूको बारेमा अध्ययनः** न्यायमा पहुँच प्रभावकारी हुन नसक्नुमा सेवाग्राहीका क्षमतासम्बन्धी, सेवा प्रदायक निकायका क्षमतासम्बन्धी लगायत कानूनी तथा प्रक्रियागत अवरोधहरू विद्यमान रहेका छन्। यिनीहरूको प्रकृति र निराकरणका उपायहरू पत्ता लगाउनका लागि पहिलो चरणमा नै केही अध्ययनहरू गर्न आवश्यक भएको महसुस गरी तत्सम्बन्धी अध्ययन गर्ने क्रियाकलाप कार्ययोजनामा राखिएको छ।

४.२.१० **सरकारी निकायहरूसँग समन्वयः** न्याय निस्पादनको कार्य अदालतले गर्ने भएपनि न्यायमा पहुँच बहुआयामिक विषय भएकोले धेरै सरकारी संयन्त्रहरूको संलग्नताबाट मात्र यो काम सम्पन्न गर्न सकिन्छ। अदालतको एक्लो प्रयास वा योजनाबाट यो लक्ष्य हासिल हुन सम्भव छैन। सरोकारवाला अरु निकायहरूबीच समन्वयात्मक कार्य पनि आयोगले गर्नुपर्ने देखिएकोले यससम्बन्धी क्रियाकलाप राखिएको छ।

४.२.११ **कानून र न्यायको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थासँगको समन्वयः** आयोगका उद्देश्यसँग मिल्दाजुल्दा क्रियाकलापहरू कतिपय गैर सरकारी संघसंस्थाहरूले पनि गरिरहेको पाइन्छ। उनीहरूसँग समन्वयात्मक रूपले सहकार्य गरेर क्रियाकलापहरू सञ्चालन गर्दा आयोगका लक्ष्य हासिल गर्न सहज हुने विश्वास लिई यसप्रकारका क्रियाकलाप पनि राखिएका छन्।

माथि उल्लेखित कार्यक्रम एवं क्रियाकलापहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका नं १: प्रस्तावित कार्यक्रम तथा मुख्य क्रियाकलाप

| सि.नं. | प्रस्तावित कार्यक्रम | मुख्य क्रियाकलाप |
|---|---|---|
| १ | सेवाग्राही (Demand side) मा केन्द्रित | • विपन्न, असहाय र असक्षम वर्गको पहिचान गर्ने।<br>• महिला विपन्न, असहाय<br>• र असक्षम (लक्षित वर्गका) व्यक्तिहरूलाई प्राप्त हक अधिकार बारे सन्दर्भ सामग्री र प्रशिक्षक तयारी।<br>• महिला, विपन्न, असहाय र असक्षम (लक्षित वर्गका) व्यक्तिहरूका हक अधिकार बारे जनचेतना।<br>• महिला, विपन्न, असहाय र असक्षम (लक्षित वर्गका) व्यक्तिहरूका हक अधिकार बारे प्रचार प्रसार।<br>• कानून व्यवसायीहरूले निःशुल्क *(pro bono)* कानूनी सेवा उपलब्ध गराउने प्रणालीको विकास।<br>• महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूको सशक्तिकरणका लागि कानूनी आधार विकास। |
| २ | सेवाप्रदायक (Supply side) मा केन्द्रित | • रणनीतिक योजनाको तयारी र कार्यान्वयन।<br>• न्यायमा पहुँच आयोगसम्बन्धी कानूनी व्यवस्था परिमार्जन।<br>• न्यायमा पहुँच आयोगसम्बन्धी संरचनागत व्यवस्थापन।<br>• अदालतमा नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा |

| | | |
|---|---|---|
| | | साक्षीका लागि अनुवादकको सेवा।<br>• वैतनिक कानून व्यवसायीको सेवालाई विस्तारित र प्रभावकारी बनाउने।<br>• निःशुल्क कानूनी सहायताको सेवा विस्तार।<br>• अदालतमा सेवाग्राहीमैत्री वातावरणको विकास।<br>• अदालतमा आफै प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूका लागि विशेष सेवा।<br>• न्यायसम्मको पहुँचमा रहेका अवरोधक तत्त्वहरूको बारेमा अध्ययन।<br>• सरकारी निकायहरूसँग समन्वय।<br>• कानून र न्यायको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थासँगको समन्वय। |

माथि उल्लेखित न्यायमा पहुँच आयोगले यस आर्थिक वर्षमा सञ्चालन गर्ने कार्यक्रम र तत्सम्बन्धी क्रियाकलापहरूलाई आगामी परिच्छेद- ५ मा कार्ययोजनाको रूपमा प्रस्तुत गरिएको छ।

# परिच्छेद पाँच

## न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना

### ५.१ लक्ष्य १: न्यायमा पहुँच आयोगको संस्थागत सुदृढीकरण गर्ने।

### कार्यक्रम १.१: न्यायमा पहुँच आयोगसम्बन्धी कानूनी व्यवस्था परिमार्जन।

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | न्यायमा पहुँच आयोगको आर्थिक वर्ष २०७२।७३ को वार्षिक कार्य योजना पारित गर्ने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ भाद्र चौथो हप्ता |
| २ | न्यायमा पहुँच सम्बन्धमा सर्वोच्च अदालत नियमावलीमा गर्नुपर्ने संशोधनको मस्यौदा गर्न कार्यसमूह तोक्ने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ भाद्र चौथो हप्ता |
| ३ | सर्वोच्च अदालत नियमावलीमा संशोधनको मस्यौदा गर्न गठित कार्य समूहले मस्यौदा सहितको प्रतिवेदन आयोगमा पेस गर्ने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ असोज पहिलो हप्ता |
| ४ | सर्वोच्च अदालत नियमावलीमा न्यायमा पहुँच आयोगसम्बन्धी व्यवस्था समावेश गर्न सर्वोच्च अदालतमा सिफारिस गर्ने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ असोज पहिलो हप्ता |
| ५ | सर्वोच्च अदालत नियमावलीमा संशोधनका लागि समन्वय गर्ने। | प्रधान न्यायाधीश | रजिस्ट्रार | समन्वय बैठक | २०७२ असोज पहिलो हप्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सर्वोच्च अदालत नियमावलीमा संशोधन हुने। | पूर्ण बैठक | आयोग | निर्णय | २०७२ असोज दोश्रो हप्ता |
| ७ | संशोधित नियमावलीअनुसार न्यायमा पहुँच आयोगको बैठक बस्ने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ असोज दोश्रो हप्ता |
| ८ | न्यायमा पहुँच आयोगको कार्यसञ्चालन निर्देशिका पारित गर्ने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ असोज दोश्रो हप्ता |

## कार्यक्रम १.२: न्यायमा पहुँच आयोगसम्बन्धी संरचनागत व्यवस्थापन।

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | नेपाल सरकारका महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय तथा नेपाल प्रहरीका प्रतिनिधि समेत आयोगका सदस्य हुने गरी आयोगको पुनर्गठन गर्ने। | प्रधान न्यायाधीश | रजिस्ट्रार | निर्णय | २०७२ असोज दोश्रो हप्ता |
| २ | न्यायमा पहुँच आयोगमा पूर्णकालीन कर्मचारीहरू सहितको स्थायी सचिवालय स्थापना गर्ने। | रजिस्ट्रार | प्रशासन महाशाखा | निर्णय | २०७२ असोज दोश्रो हप्ता |
| ३ | न्यायमा पहुँच आयोग अन्तर्गत विषयगत कार्यदिश सहितका कार्यसमूह गठन गर्ने।<br>• सचेतनासम्बन्धी कार्यसमूह<br>• योजना र अनुसन्धानसम्बन्धी कार्यसमूह | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ असोज दोश्रो हप्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| | • अनुगमन र समन्वयसम्बन्धी कार्यसमूह<br>• सहयोग प्रणालीसम्बन्धी कार्यसमूह | | | | |
| ४ | विषयगत कार्य समूहहरूका लागि उपयुक्त स्रोत साधन र जनशक्ति उपलब्ध गराउने। | रजिस्ट्रार | प्रशासन महाशाखा | निर्णय | २०७२ असोज दोश्रो हप्ता |
| ५ | आयोगका तर्फबाट हुने सबै क्रियाकलापहरूको आवधिक मूल्याङ्कनका लागि प्रगति विवरण फारामहरू तोक्ने। | आयोग | अनुगमन तथा समन्वय कार्य समूह | निर्णय | २०७२ असोज तेश्रो हप्ता |
| ६ | प्रत्येक महिना आयोगका कृयाकलापबारे समीक्षा गर्ने। | आयोग | अनुगमन तथा समन्वय कार्यसमूह | निर्णय र निर्देशन | हरेक महिना |
| ७ | आयोगका क्रियाकलापहरूबारे मासिक समाचार बुलेटिन प्रकाशित गर्ने। | अनुगमन तथा समन्वय कार्यसमूह | प्रकाशन शाखा | प्रकाशित सामग्री | प्रत्येक महिनाको ७ गते |

## ५.२ लक्ष्य २: महिला, विपन्न, असहाय र असक्षम (लक्षितवर्ग) का व्यक्तिहरूलाई प्राप्त हक अधिकार बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### कार्यक्रम २.१: विपन्न, असहाय र असक्षम वर्गका व्यक्ति पहिचान।

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्य सम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | विपन्न, असहाय र असक्षम व्यक्ति पहिचान गर्ने मापदण्ड तयार गर्न योजना तथा अनुसन्धान कार्यसमूहलाई जिम्मा दिने। | प्रधान न्यायाधीश | रजिस्ट्रार | निर्णय | २०७२ असोज दोश्रो हप्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कार्यसमूहद्वारा मापदण्ड सहितको प्रतिवेदन पेस गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | प्रतिवेदन | २०७२ असोज तेश्रो हप्ता |
| ३ | विपन्न, असहाय र असक्षम व्यक्ति पहिचान गर्ने मापदण्ड पारित गर्ने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ असोज तेश्रो हप्ता |

**कार्यक्रम २.२: महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूलाई प्राप्त हक अधिकार बारे सन्दर्भ सामग्री र प्रशिक्षक तयारी।**

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | महिला, विपन्न, असहाय र असक्षम समेतका व्यक्तिका अधिकारसम्बन्धी स्रोत पुस्तिका तयारी र छपाइ गर्ने। | सचेतना कार्यसमूह | रजिस्ट्रार | जानकारी पुस्तिका | २०७२ कार्तिक दोश्रो हप्ता |
| २ | महिला, विपन्न, असहाय र असक्षम समेतका व्यक्तिका अधिकारसम्बन्धी प्रशिक्षक तालिम पुस्तिका तयार गर्ने। | सचेतना कार्यसमूह | रजिस्ट्रार | प्रशिक्षक तालिम पुस्तिका | २०७२ कार्तिक दोश्रो हप्ता |
| ३ | महिला, विपन्न, असहाय र असक्षम समेतका व्यक्तिका अधिकारसम्बन्धी श्रव्यदृश्य सामाग्री उत्पादन गर्ने। | सचेतना कार्यसमूह | रजिस्ट्रार | प्रतिवेदन | २०७२ कार्तिक दोश्रो हप्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | नेपाली, अङ्ग्रेजी र अन्य स्थानीय भाषामा न्यायमा पहुँच आयोग सम्बन्धी जानकारीपत्र (leaflet) तयारी र छपाइ गर्ने। | सचेतना कार्यसमूह | रजिस्ट्रार | जानकारीपत्र | २०७२ कार्तिक दोश्रो हप्ता |
| ५ | न्यायमा पहुँचसँग सम्बन्धित सर्वोच्च अदालतका फैसलाहरू संकलन गरी प्रकाशन गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | प्रकाशित पुस्तक | २०७२ कार्तिक तेश्रो हप्ता |
| ६ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार बारेमा पुस्तिका तयार गरी प्रकाशन गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | प्रकाशित पुस्तक | २०७२ कार्तिक |
| ७ | महिला, विपन्न, असहाय र असक्षमसमेत व्यक्तिका अधिकारसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्ने। | सचेतना कार्यसमूह | रजिस्ट्रार | प्रशिक्षण कार्यक्रम | २०७२ मंसिर पहिलो हप्ता |
| ८ | महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिका अधिकारसम्बन्धी प्रशिक्षकहरूको सूची तयार गर्ने। | सचेतना कार्यसमूह | रजिस्ट्रार | प्रशिक्षण कार्यक्रम | २०७२ मंसिर पहिलो हप्ता |

**कार्यक्रम २.३: महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूका हक अधिकार बारे सचेतना कार्यक्रम सञ्चालन।**

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्गका व्यक्तिलाई दिइने जनचेतना कार्यक्रमको ढाँचा पारित गर्ने। | आयोग | सचेतना कार्यसमूह | निर्णय | २०७२ कार्तिक चौथो हप्ता |
| २ | यस आर्थिक वर्षमा ५००० जना लक्षित वर्गका व्यक्तिहरूलाई उनीहरूका अधिकार बारे स्थलगत रूपमा जनचेतना सम्बन्धी कार्यक्रम पारित गर्ने। | आयोग | सचेतना कार्यसमूह | निर्णय | २०७२ मंसिर पहिलो हप्ता |
| ३ | ५००० जना लक्षित वर्गका व्यक्तिहरूलाई उनीहरूका अधिकार बारे स्थलगत रूपमा जनचेतनासम्बन्धी कार्यक्रम गर्ने। | सचेतना कार्यसमूह | सबै तहका अदालतहरू | प्रशिक्षण कार्यक्रम | २०७२ मंसिर देखि २०७३ असारसम्म |

**कार्यक्रम २.४: महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूका हक अधिकार बारे प्रचार प्रसार।**

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्गका व्यक्तिहरूका हक अधिकार र अदालतसम्बन्धी जानकारीका बारेमा राष्ट्रिय तथा स्थानीय रेडियो, एफएम र टेलिभिजन एवं पत्रपत्रिकाबाट प्रचार प्रसार गर्ने गरी कार्यक्रमको बारेमा नीतिगत निर्णय गर्ने। | आयोग | सचेतना कार्यसमूह | निर्णय | २०७२ असोज तेश्रो हप्ता |
| २ | राष्ट्रिय र स्थानीय रेडियो, एफएम र टेलिभिजनबाट प्रसारण हुने सामग्री उत्पादन र प्रसारण सम्बन्धमा रेडियो, एफएम र टेलिभिजनसम्बन्धी संस्थाहरूसँग सम्झौता गर्ने। | रजिस्ट्रार | सचेतना कार्यसमूह | प्रसारण सम्झौता | २०७२ कार्तिक पहिलो हप्ता |
| ३ | सम्झौता अनुसार रेडियो, एफएम र टेलिभिजनबाट कार्यक्रम प्रसारण गर्ने। | सम्बन्धित प्रशारण संस्थाहरू | सचेतना कार्यसमूह | प्रसारित कार्यक्रम | २०७२ मंसिर पहिलो हप्ता देखि २०७३ असारसम्म |
| ४ | अदालतसम्बन्धी सूचना र जानकारीहरू निश्चित दिन र पृष्ठमा प्रकाशन गर्नका लागि कुनै दैनिक पत्रिकासँग सम्झौता गर्ने। | रजिस्ट्रार | सचेतना कार्यसमूह | प्रकाशन सम्झौता | २०७२ कार्तिक पहिलो हप्ता |
| ५ | सम्झौता अनुसार सूचना तथा जानकारीहरूको प्रकाशन गर्ने। | सम्बन्धित प्रकाशन संस्था | सचेतना कार्यसमूह | प्रकाशन सम्झौता | २०७२ कार्तिकदेखि २०७३ असार सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | कानून र न्यायको क्षेत्रमा कार्यरत संघ संस्थाहरूसँगको सहकार्यमा गर्न सकिने सचेतनासम्बन्धी कार्यहरू पहिचान गर्न अध्ययन समूह गठन गर्ने। | आयोग | योजना तथा अनुसन्धान सम्बन्धी कार्यसमूह | निर्णय | २०७२ कार्तिक पहिलो हप्ता |
| ७ | संघ संस्थाहरूसँगको सहकार्यमा गर्न सकिने प्रचार प्रसारसम्बन्धी कार्यहरू पहिचान गरी अध्ययन प्रतिवेदन पेस गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | सचेतना सम्बन्धी कार्यसमूह | प्रतिवेदन | २०७२ कार्तिक दोश्रो हप्ता |
| ८ | पहिचान भएका विषयहरूका बारेमा क्रियाकलाप सञ्चालन गर्न संघ संस्थाहरूसँग सम्झौता गर्ने। | आयोग | सम्बन्धित संघसंस्था | सम्झौता | २०७२ कार्तिक तेश्रो हप्ता |
| ९ | सम्झौता अनुसारका क्रियाकलाप सञ्चालन गर्ने। | सचेतना कार्यसमूह | सम्बन्धित संघसंस्था | प्रकाशन सम्झौता | २०७२ मंसिर देखि २०७३ असारसम्म |
| १० | कानून दिवसका दिन देशभरिका अदालतहरूले लक्षित वर्गका व्यक्तिहरूका लागि अदालतबाट दिइने सेवाका बारेमा कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्ने। | सबै तहका अदालतहरू | सचेतना कार्यसमूह | प्रशिक्षण कार्यक्रम | २०७३ बैशाख २६ |

## ५.३ लक्ष्य ३: न्यायमा पहुँच आयोगको रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्ने।

**कार्यक्रमः ३.१ रणनीतिक योजनाको तयारी र कार्यान्वयन।**

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकरी | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | न्यायमा पहुँच आयोगको रणनीतिक योजना तयार गर्न योजना तथा अनुसन्धान कार्यसमूहलाई जिम्मेवारी दिने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ माघ पहिलो हप्ता |
| २ | रणनीतिक योजनाको मस्यौदा सहितको प्रतिवेदन पेस हुने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | प्रतिवेदन | २०७३ चैत चौथो हप्ता |
| ३ | न्यायमा पहुँच आयोगको रणनीतिक योजना पारित गर्ने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७३ बैशाख पहिलो हप्ता |
| ४ | रणनीतिक योजना बमोजिमका क्रियाकलाप सञ्चालन गर्न स्रोत साधनको व्यवस्थापन गरिने। | आयोग | सर्वोच्च अदालत | पत्राधार | २०७३ बैशाख दोश्रो हप्ता |
| ५ | रणनीतिक योजना बमोजिम क्रियाकलाप सञ्चालन हुने। | आयोग | सर्वोच्च अदालत | निर्णय | २०७३ साउनदेखि |

## ५.४ लक्ष्य ४: न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (Support system) को विकास गर्ने।

**कार्यक्रम ४.१: नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा साक्षीका लागि अदालतमा अनुवादकको सेवा।**

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | सबै अदालतहरूमा नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा साक्षीका लागि मौखिक भाषा अनुवादक (Interpreter) को सेवा उपलब्ध गराउने निर्णय गर्ने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ कार्तिक पहिलो हप्ता |
| २ | मौखिक भाषा अनुवादकको सेवासम्बन्धी निर्देशिका तयार गरी पारित गर्ने। | आयोग | योजना तथा अनुसन्धान कार्यसमूह | निर्णय | २०७२ कार्तिक दोश्रो हप्ता |
| ३ | सबै अदालतहरूले आवश्यकता अनुसारका भाषाका अनुवादकहरूको सूची तयार गर्ने। | सबै तहका अदालतहरू | सर्वोच्च अदालत | अनुवादक को सूची | २०७२ कार्तिक तेश्रो हप्ता |
| ४ | मौखिक भाषा अनुवादकको सेवासम्बन्धी निर्देशिका बमोजिम सम्बन्धित अदालतहरूले अनुवादकलाई दिनुपर्ने पारिश्रमिकको लागि आवश्यक वजेट निकासा दिने। | रजिस्ट्रार, सर्वोच्च अदालत | सम्बन्धित अदालतहरू | वजेट निकासा | २०७२ कार्तिक चौथो हप्ता |
| ५ | सबै अदालतहरूमा मौखिक भाषा अनुवादक सेवा लागू हुने। | सम्बन्धित अदालतहरू | रजिस्ट्रार | मौखिक भाषा सेवा उपलब्ध | २०७२ मंसिरदेखि |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | अदालतमा साङ्केतिक भाषाको आवश्यकता पहिचान गर्न अध्ययन गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | अध्ययन प्रतिवेदन | २०७३ बैशाख पहिलो हप्तादेखि जेठ तेश्रो हप्तासम्म |

## कार्यक्रम ४.२ कानून व्यवसायीहरूले निशुल्क (pro bono) कानूनी सेवा।

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | सबै अदालतहरूमा कानून व्यवसायीहरूले निःशुल्क *(pro bono)* कानूनी सेवा उपलब्ध गराउन पाउने बारेमा सरोकारवालाहरूसँग छलफल। | रजिस्ट्रार | अनुगमन तथा समन्वय कार्यसमूह | बैठक | २०७२ असोज पहिलो हप्ता |
| २ | सबै अदालतहरूमा कानून व्यवसायीहरूले निःशुल्क *(pro bono)* कानूनी सेवा उपलब्ध गराउन पाउने गरी सर्वोच्च अदालत नियमावलीमा संशोधन गर्न सर्वोच्च अदालतलाई सिफारिस गर्ने। | आयोग | सर्वोच्च अदालत | निर्णय | २०७२ असोज दोश्रो हप्ता |
| ३ | सबै अदालतहरूमा कानून व्यवसायीहरूले निःशुल्क *(pro bono)* कानूनी सेवा उपलब्ध गराउन पाउने गरी सर्वोच्च अदालत नियमावलीमा संशोधन | सर्वोच्च अदालत | रजिस्ट्रार | निर्णय | २०७२ कार्तिक दोश्रो हप्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| | हुने। नियमावलीमा यससम्बन्धी कार्य गर्ने अधिवक्ताहरूको अभिलेख राखी नियमित रूपमा प्रकाशन गर्ने र सम्बन्धित निकायहरूमा जानकारी पठाउने समेतको व्यवस्था गर्ने। | | | | |
| ४ | संशोधित नियमावलीका आधारमा निःशुल्क कानूनी सेवासम्बन्धी निर्देशिका तयार गरी पारित गर्ने। | आयोग | योजना अनुसन्धान कार्यसमूह | निर्णय | २०७२ कार्तिक तेश्रो हप्ता |
| ५ | सबै अदालतहरूले निर्देशिका बमोजिम निःशुल्क कानूनी सेवा दिन चाहने कानून व्यवसायीहरूको सूची तयार गर्ने। | सबै तहका अदालतहरू | रजिस्ट्रार | कानून व्यवसायी को सूची | २०७२ कार्तिक चौथो हप्ता |
| ६ | निःशुल्क कानूनी सेवासम्बन्धी निर्देशिका बमोजिम सम्बन्धित अदालतहरूबाट कुनै खर्च गर्नुपर्ने भए सोको लागि आवश्यक वजेट निकासा दिने। | रजिस्ट्रार, सर्वोच्च अदालत | सम्बन्धित अदालतहरू | वजेट निकासा | २०७२ कार्तिक चौथो हप्ता |
| ७ | सबै अदालतहरूमा कानून व्यवसायीबाट प्रदान गरिने निःशुल्क कानूनी सेवासम्बन्धी व्यवस्था लागू हुने। | सम्बन्धित अदालतहरू | सर्वोच्च अदालत | निःशुल्क कानूनी सेवा उपलब्ध | २०७२ मंशिरदेखि |

**कार्यक्रम ४.३ वैतनिक कानून व्यवसायीको सेवालाई विस्तारित र प्रभावकारी बनाउने।**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | कसैले कानूनी सहायता आवश्यक परेको कुरा कुनै पनि तरिकाले अदालतलाई जानकारी गराएमा निजलाई अदालतबाट नियुक्त वैतनिक कानून व्यवसायी मार्फत वा अन्य तरिकाले मुद्दा दायर गर्नु पूर्वदेखि नै निःशुल्क कानूनी सेवा उपलब्ध गराउने गरी बैतनिक कानून व्यवसायीको नियुक्ति र सेवाका शर्तसम्बन्धी निर्देशिका, २०७२ मा संशोधन गर्ने। | सर्वोच्च अदालत | रजिस्ट्रार | निर्णय | २०७२ कार्तिक पहिलो हप्ता |
| २ | माथि १ नं बमोजिम कानून व्यवसायीको सेवा आवश्यक परेमा अदालतका तर्फबाट स्रेष्तेदार वा रजिस्ट्रारले तुरुन्त वैतनिक वकिल खटाउने वा अन्य तरिकाले निशुल्क कानूनी सहायता उपलब्ध हुने व्यवस्था गर्ने गरी वैतनिक कानून व्यवसायीको नियुक्ति र सेवाका शर्तसम्बन्धी निर्देशिका, २०७२ मा संशोधन गर्ने। | सर्वोच्च अदालत | रजिस्ट्रार | निर्णय | २०७२ कार्तिक पहिलो हप्ता |
| ३ | वैतनिक कानून व्यवसायीले आफू नियुक्त भएको मुद्दामा पक्षको तर्फबाट तारेख समेत लिने गरी वैतनिक कानून | सर्वोच्च अदालत | रजिस्ट्रार सर्वोच्च अदालत | निर्णय | २०७२ कार्तिक पहिलो हप्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवसायीको नियुक्ति र सेवाका शर्तसम्बन्धी निर्देशिका, २०७२ मा संशोधन गर्ने। | | | | |
| ४ | वैतनिक कानून व्यवसायीको नियुक्ति र सेवाका शर्तसम्बन्धी निर्देशिका, २०७२ प्रभावकारी रूपमा लागू गर्न निर्देशन दिने। | प्रधान न्यायाधीश | रजिस्ट्रार | निर्देशन | २०७२ कार्तिक दोश्रो हप्ता |
| ५ | अर्द्धन्यायिक निकायमा वैतनिक कानून व्यवसायीको सेवा प्रदान गर्ने सम्बन्धमा अध्ययन गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | प्रतिवेदन | २०७२ माघदेखि २०७३ बैशाख सम्म |

**कार्यक्रम ४.४ निःशुल्क कानूनी सहायताको सेवा विस्तार ।**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा वैतनिक कानून व्यवसायी वा विभिन्न सरकारी निकाय वा गैर सरकारी संस्थाबाट उपलब्ध गराइएको निःशुल्क कानूनी सहायता सेवालाई प्रभावकारी बनाउन समन्वय गरी एकीकृत कार्य प्रणाली विकास गर्ने। | स्रेस्तेदार/ रजिस्ट्रार | सर्वोच्च अदालत | समन्वय बैठक | २०७२ असोज देखि |
| २ | आर्थिक विपन्नता वा अन्य मनासिव कारणले कानून व्यवसायीको प्रतिनिधित्व हुन नसकेका विचाराधिन मुद्दाहरू पहिचान गरी त्यस्ता पक्षहरूले चाहेमा अदालतको तर्फबाट निःशुल्क कानूनी सहायता उपलब्ध हुने कुरा पक्षहरूलाई जानकारी गराउने। | स्रेस्तेदार/ रजिस्ट्रार | सुपरीवेक्षक | मौखिक वा लिखित जानकारी | २०७२ असोज देखि |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | निःशुल्क कानूनी सेवा चाहने व्यक्तिले मोवाइलबाट मेसेज गरेमा वैतनिक कानून व्यवसायीको सम्पर्क नं. उपलब्ध हुने गरी व्यवस्था मिलाउने। | सहायता प्रणाली समिति | सुचना प्रविधि महाशाखा | मेसेज आदान प्रदान | २०७२ कार्तिक तेश्रो हप्ता |
| ४ | कानूनी उपचार आवश्यक पर्ने व्यक्तिका लागि निःशुल्क टोलफ्री टेलीफोन सेवा उपलब्ध गराउने। | आयोग | रजिस्ट्रार | टेलिफोन | २०७२ कार्तिक तेश्रो हप्तादेखि |
| ५ | निःशुल्क कानूनी सुविधाको बारेमा मोवाइल नम्बरमा सामूहिकरूपमा सूचना प्रवाह गर्ने। | आयोग | रजिस्ट्रार | मेसेज | २०७२ साल पुष र २०७३ साल असार |
| ६ | अदालतबाट प्रदान हुने निःशुल्क कानूनी सहायताका बारेमा संक्षिप्त जानकारी पत्रहरू तयार गर्ने। | योजना तथा अनुसन्धान कार्य समूह | रजिस्ट्रार सर्वोच्च अदालत | जानकारी पत्र | २०७२ मंसिर पहिलो हप्ता |
| ७ | हरेक गाविस र नगरपालिकाका वडाहरूमा र बढी जनसम्पर्क हुने कार्यालयहरूमा कानूनी सहायतासम्बन्धी जानकारी पत्रहरू उपलब्ध गराई त्यसको वितरण गराउने। | सचेतना कार्यसमूह | गाविस/ नगरपालिकाका वडाहरू | जानकारी पत्र उपलब्ध गराएको पत्र | २०७२ मंसिर दोश्रो हप्तादेखि |
| ८ | अदालतबाट उपलब्ध हुने निःशुल्क कानूनी सहायता सम्बन्धमा सञ्चार माध्यमबाट सूचनाहरू प्रसारण गराउने। | सचेतना कार्यसमूह | सञ्चार माध्यमहरू | सूचनाको प्रसारण | २०७२ मंसिर पहिलो हप्ता |

**कार्यक्रम ४.५ अदालतमा सेवाग्राहीमैत्री वातावरणको विकास।**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | अदालतका सूचना तथा सहायता कक्षमा तोकिएका कर्मचारीहरूका लागि सेवाग्राहीलाई गरिने व्यवहारका सम्बन्धमा तालिम दिने। | रजिस्ट्रार | प्रशासन महाशाखा | प्रशिक्षण कार्यक्रम | २०७२ असोज तेश्रो हप्ता |
| २ | सहायता कक्षमा पहिचान हुने पोशाकसहित कर्मचारीलाई पूर्णकालीनरूपमा खटाउने। | रजिस्ट्रार | प्रशासन महाशाखा | खटाउने पत्र | २०७२ भदौ चौथो हप्ता |
| ३ | त्यस्ता कर्मचारीले सेवाग्राहीलाई अदालतको प्रवेशद्वारदेखि नै निजको काम सम्पन्न नभएसम्म सहजीकरण गरिदिने। | सहायता कक्षका कर्मचारी | स्रेस्तेदार/ रजिस्ट्रार | सहायता सम्बन्धी डायरी | २०७२ असोज पहिलो हप्ता देखि |
| ४ | मुद्दा छिन्ने र इजलासमा सुनुवाइ गर्नुपर्ने काम बाहेकका नक्कल दिने, तारेख दिने, निवेदन दर्ता गर्ने लगायतका ससाना कार्यहरूमा सेवाग्राहीको काम १ घण्टाभित्र सम्पन्न गर्ने। | स्रेस्तेदार/ रजिस्ट्रार | सम्बन्धित शाखा प्रमुख | अनुगमन प्रतिवेदन | २०७२ भदौ तेश्रो हप्ता देखि |
| ५ | अदालतका कर्मचारीले दिएको सेवाको गुणस्तरको बारेमा सेवाग्राहीको अभिमत सर्वेक्षण गर्ने। | रजिस्ट्रार | सम्बन्धित शाखा प्रमुख | सर्वेक्षण प्रतिवेदन | २०७२ मंसिर र चैत |

## कार्यक्रम ४.६ अदालतमा आफैं प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूका लागि विशेष सेवा ।

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | आफ्ना मुद्दामा आफैं प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूलाई अदालतमा सेवा दिने तरिकाका बारेमा म्यानुअल तयार गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | म्यानुअल | २०७२ पुष दोश्रो हप्ता |
| २ | आफ्ना मुद्दामा आफैं प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूलाई अदालतमा गर्नुपर्ने व्यवहारका बारेमा काठमाडौं उपत्याकाका अदालतमा काम गर्ने कर्मचारी र न्यायाधीशहरूलाई तालिम प्रदान गर्ने। | रजिस्ट्रार | प्रशासन महाशाखा | तालिम | २०७२ फागुन पहिलो हप्ता |
| ३ | अदालतमा दिनुपर्ने सामान्य निवेदनहरू र सामान्य खालका मुद्दाहरूको फिराद र प्रतिउत्तर पत्रका ढाँचा तयार गरी लागू गर्न निर्णय गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | ढाँचाहरू | २०७२ कार्तिक तेश्रो हप्ता |
| ४ | अदालतमा दिनुपर्ने सामान्य निवेदनहरूको ढाँचा तयार गरी सहायता कक्षबाट नै निवेदकले भने बमोजिम भरेर दर्ता गर्ने। | रजिस्ट्रार/ स्रेस्तेदार | सहायता कक्ष | निवेदन दर्ता | २०७२ मंसिर पहिलो हप्तादेखि |
| ५ | लेनदेन, लुटपीट, गालीबेइज्जति, कुटपीट, नाताकायम, मानाचामल जस्ता सरल प्रकृतिका मुद्दाहरूको फिराद र प्रतिउत्तर अदालतबाट तयार गरेको फारामको ढाँचामा भरेर दर्ता गर्ने व्यवस्था मिलाउने। | रजिस्ट्रार/ स्रेस्तेदार | सहायता कक्ष | फिराद दर्ता | २०७२ पुष पहिलो हप्ता |

**५.५ लक्ष्य ५: न्यायको पहुँचमा  रहेका अवरोधक तत्वहरू पहिचान गर्ने।**

**कार्यक्रम ५.१ न्यायसम्मको पहुँचमा रहेका अवरोधक तत्वहरूको बारेमा अध्ययन ।**

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | मुद्दा मामिलामा संलग्न हुन परेको कारणबाट पक्षहरूले वा पीडितहरूले व्यहोर्नु पर्ने खर्चहरूको बारेमा। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | अध्ययन प्रतिवेदन | २०७२ असोजदेखि मंसिरसम्म |
| २ | मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नका लागि कार्यविधि कानूनमा गर्नुपर्ने सुधारका बारेमा। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | अध्ययन प्रतिवेदन | २०७२ असोजदेखि मंसिरसम्म |
| ३ | साना प्रकृतिका मुद्दाहरू तथा महिला, बृद्ध, नाबालक, असहाय, विपन्न वर्गका व्यक्ति संलग्न रहेका मुद्दाहरूको कारवाई द्रुत गतिमा सम्पन्न गर्ने उपाय बारेमा। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | अध्ययन प्रतिवेदन | २०७२ असोजदेखि मंसिरसम्म |
| ४ | अदालतका कर्मचारीले सेवाग्राहीहरूप्रति गर्ने व्यवहार र कार्यशैली सुधारकाउपायहरू बारेमा। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | अध्ययन प्रतिवेदन | २०७२ असोजदेखि मंसिरसम्म |
| ५ | हालका अदालतहरूको भौतिक अवस्था विश्लेषण गरी तिनीहरूलाई अपाङ्गता भएका व्यक्ति, नाबालक, गोपनीयता र सुरक्षा कायम गर्नुपर्ने व्यक्ति समेतका लागि उपयुक्त संरचनाको विकास गर्न थप गर्नुपर्ने कार्यहरूको पहिचान गर्ने बारेमा। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | अध्ययन प्रतिवेदन | २०७२ असोजदेखि मंसिरसम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | न्यायिक वा अर्द्धन्यायिक निकायको आदेशबमोजिम माग भएको धरौटी तिर्न नसकी पुर्पक्षका लागि थुनामा बस्न बाध्य भएका व्यक्तिहरूको बारेमा। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | अध्ययन प्रतिवेदन | २०७२ असोजदेखि मंसिरसम्म |
| ७ | न्यायिक वा अर्द्धन्यायिक निकायहरूमा चलेका मुद्दाका पीडित वा प्रतिवादी रहेका व्यक्तिहरूको सामाजिक, आर्थिक, शैक्षिक आदि अवस्था पहिचान गर्ने बारेमा। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | अध्ययन प्रतिवेदन | २०७२ असोजदेखि मंसिरसम्म |
| ८ | न्यायमा पहुँचको सम्बन्धमा देखिएका सामाजिक, सांस्कृतिक तथा पारिवारिक बाधाहरूको बारेमा। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | अध्ययन प्रतिवेदन | २०७२ असोजदेखि मंसिरसम्म |
| ९ | अर्द्धन्यायिक निकायहरू र न्यायाधिकरणहरूले प्रदान गर्ने सेवामा पक्षहरूकालागि लाग्ने खर्च, मुद्दाको कारवाहीका लागि लाग्ने समय तथा प्रक्रियागत जटिलताको अवस्था बारेमा। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | अध्ययन प्रतिवेदन | २०७२ कार्तिकदेखि फागुन सम्म |
| १० | राज्यका तर्फबाट भैरहेका न्यायमा पहुँचसम्बन्धी क्रियाकलापसँग मिल्दोजुल्दो नीतिगत व्यवस्थाहरू र कार्यक्रमहरूको बारेमा विवरण सङ्कलन गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | अध्ययन प्रतिवेदन | २०७२ असोज देखि मंसिर सम्म |
| ११ | उल्लेखित अध्ययनका आधारमा न्यायमा पहुँच सम्बन्धमा चाल्नुपर्ने नीतिगत कदम सम्बन्धमा सरकारलाई सुझाव दिने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ फागुन दोश्रो हप्ता |

## ५.६ लक्ष्य ६: महिला, विपन्न असहाय र असक्षम वर्गका व्यक्तिहरूको कानूनी आवश्यकताहरूको पहिचान गर्ने।

**कार्यक्रम ६.१: महिला, विपन्न असहाय र असक्षम वर्गका व्यक्तिहरूको सशक्तीकरणका लागि कानूनी आधारको विकास।**

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | महिला, विपन्न असहाय र असक्षम वर्गका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न कानूनमा गर्नुपर्ने संशोधनका बारेमा अध्ययन गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | अध्ययन प्रतिवेदन | २०७२ असोजदेखि मंसिरसम्म |
| २ | निरन्तर सुनुवाइ हुने मुद्दाको सूचीमा परिवर्तन गरी फौजदारी बाहेकको महिला, विपन्न असहाय र असक्षम वर्गका व्यक्तिहरू समावेश भएका मुद्दा समेत समावेश गर्ने गरी नियमावली संशोधन गर्ने। | पूर्ण बैठक | रजिस्ट्रार | निर्णय | २०७२ असोज दोश्रो हसा |
| ३ | कानूनमा स्नातक अध्ययनको लागि भर्ना पाएका महिला, विपन्न, असहाय र असक्षम वर्गका २० जना विद्यार्थीहरूलाई आर्थिक सहयोग गर्ने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ मंसिर दोश्रो हसा |
| ४ | महिला र विपन्न वर्गका न्यायसेवामा कार्यरत कानूनमा स्नातक नगरेका कार्मचारीहरूमध्ये हरेक वर्ष २० जनालाई कानूनमा स्नातक तहमा अध्ययन गर्नका लागि अध्ययन विदा दिई सेवासर्तसम्बन्धी नियम अनुसारका सुविधा उपलब्ध गराउने। | आयोग | रजिस्ट्रार | निर्णय | २०७२ मंसिर दोश्रो हसा |

## ५.७ लक्ष्य ७: न्यायमा पहुँच अभिवृद्धिसम्बन्धी कार्यरत विभिन्न निकाय र संस्थाहरूसँग समन्वय गर्ने।

### कार्यक्रम ७.१ सरकारी निकायहरूसँग समन्वय।

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | अपराधबाट पीडित भएका व्यक्तिहरूका लागि शारीरिक परीक्षण तथा तत्कालीन उपचार एवं मनोपरामर्श सेवा एकैस्थानबाट निःशुल्क उपलब्ध गराउन नेपाल प्रहरी, स्वास्थ्य मन्त्रालय एवं महिला तथा बालबालिका मन्त्रालयहरू बीच समन्वय गर्ने। | आयोग | अनुगमन तथा समन्वय कार्य समूह | समन्वय बैठक | २०७२ कार्तिक तेश्रो हप्ता |
| २ | नेपाल प्रहरीसमक्ष आउने अपराध बारेका सूचना सहज र छिटो छरितो रूपमा दर्ता हुने व्यवस्थाका लागि त्यस बारेमा कार्य गर्ने प्रहरी कर्मचारीका लागि निर्देशिका बनाउन गृह मन्त्रालयसँग समन्वय गर्ने। | आयोग | अनुगमन तथा समन्वय कार्य समूह | समन्वय बैठक | २०७२ कार्तिक दोश्रो हप्ता |
| ३ | अपराधबाट पीडित महिला, नाबालक, विपन्न तथा असहाय ब्यक्तिलाई कानूनबमोजिम अदालतबाट दिलाउनु पर्ने क्षतिपूर्ति, बासव्यवस्था लगायतका तत्कालीन राहतका विषयमा सरकारका निकायहरूबाट उपलब्ध हुनसक्ने सुविधाबारे सम्बन्धित निकायहरूसँग समन्वय गर्ने। | आयोग | अनुगमन तथा समन्वय कार्य समूह | समन्वय बैठक | २०७२ कार्तिक दोश्रो हप्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | माध्यामिक र उच्च माध्यामिक विद्यालयको पाठ्यक्रममा कानूनसम्बन्धी विषय समावेश गर्नका लागि शिक्षा मन्त्रालय र सम्बद्ध निकायहरूसँग समन्वय गर्ने। | आयोग | अनुगमन तथा समन्वय कार्य समूह | समन्वय बैठक | २०७२ मंसिर तेश्रो हप्ता |
| ५ | सरकारवादी मुद्दाका साक्षीहरूको सुरक्षा, उनीहरूलाई उपलब्ध गराउने खर्च, सदरमुकाममा रहँदाको वासव्यवस्था तथा अदालतमा पेस भएका व्यक्तिगत सामान फिर्ता लगायतका विषयमा महान्यायाधिवक्ताको कार्यालय लगायत अन्य निकायसँग समन्वय गर्ने। | आयोग | अनुगमन तथा समन्वय कार्यसमूह | समन्वय बैठक | २०७२ पुष तेश्रो हप्ता |

## कार्यक्रम ७.२ कानून र न्यायको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थासँगको समन्वय।

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय/ पदाधिकारी | सहयोगी निकाय/ पदाधिकारी | अनुगमन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | न्यायमा पहुँच आयोगसँग सहकार्य गर्न चाहने कानून र न्यायको क्षेत्रमा कार्यरत संस्थाहरूको सूची तयार गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | संस्थाहरूको सूची | २०७२ असोज दोश्रो हप्ता |
| २ | कानून र न्यायका क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधिहरूसँग बैठक गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | बैठक | २०७२ कार्तिक दोश्रो हप्ता |
| ३ | न्यायमा पहुँच सम्बन्धमा गैरसरकारी संस्थाहरूले गरेका अध्ययन प्रतिवेदनहरूको सङ्कलन गर्ने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | प्रतिवेदन हरू | २०७२ कार्तिक तेश्रो हप्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | महिला, विपन्न असहाय र असक्षम वर्गका व्यक्तिहरूको हक अधिकारका बारेमा जनचेतना जगाउने कार्यक्रम गर्दा गैरसरकारी संस्थाहरू मार्फत सञ्चालन गर्नका लागि सोसम्बन्धी निर्देशिका बनाउने। | योजना तथा अनुसन्धान कार्यसमूह | रजिस्ट्रार | निर्देशिका | २०७२ मंसिर दोश्रो हप्ता |
| ५ | आयोगले गर्ने जनचेतना अभिबृद्धि सम्बन्धी क्रियाकलापहरू गैरसरकारी संस्थाहरू मार्फत गर्नका लागि त्यस्ता संस्थाहरूसँग सम्झौता गर्ने। | आयोग | रजिस्ट्रार | सम्झौता | २०७२ मंसिर तेश्रो हप्ता |
| ६ | आयोगले गर्ने जनचेतना अभिबृद्धिसम्बन्धी क्रियाकलापहरूमध्ये आयोगले तोकेबमोजिमका क्रियाकलापहरू गैरसरकारी संस्थाहरू मार्फत गर्ने। | जनचेतना कार्यसमूह | रजिस्ट्रार | कार्यक्रम | २०७२ पुषदेखि |

उल्लेखित कार्यक्रम तथा क्रियाकलापहरूको कार्यान्वयन गर्ने समयतालिका तलको तालिका नं.-२ मा उल्लेख गरिएको छः

## तालिका नं.- २: वार्षिक कार्ययोजना कार्यान्वयनसम्बन्धी समयतालिका

| कार्यक्रम सँख्या | कार्यक्रमहरु | २०७२ | | | | | | | २०७३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आश्विन | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुन | चैत्र | बैशाख | जेष्ठ | असार |
| १.१ | न्यायमा पहुँच आयोगसम्बन्धी कानूनी व्यवस्था परिमार्जन | | | | | | | | | | |
| १.२ | न्यायमा पहुँच आयोगसम्बन्धी संरचनागत व्यवस्थापन | | | | | | | | | | |
| २.१ | विपन्न, असहाय र असक्षम वर्गका व्यक्ति पहिचान | | | | | | | | | | |
| २.२ | महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरुलाई प्राप्त हक अधिकार बारे सन्दर्भ सामग्री र प्रशिक्षक तयारी | | | | | | | | | | |
| २.३ | महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूका हक अधिकार बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने। | | | | | | | | | | |
| २.४ | महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूका हक अधिकार बारे प्रचार प्रसार गर्ने | | | | | | | | | | |
| ३.१ | रणनीतिक योजनाको तयारी र कार्यान्वयन | | | | | | | | | | |
| ४.१ | नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा साक्षीका लागि अदालतमा अनुवादकको सेवा | | | | | | | | | | |
| ४.२ | कानून व्यवसायीहरूले निःशुल्क (pro bono) कानूनी सेवा। | | | | | | | | | | |
| ४.३ | वैतनिक कानून व्यवसायीको सेवालाई विस्तारित र प्रभावकारी बनाउने। | | | | | | | | | | |
| ४.४ | निःशुल्क कानूनी सहायताको सेवालाई विस्तार गर्ने | | | | | | | | | | |
| ४.५ | अदालतमा सेवाग्राहीमैत्री वातावरणको विकास गर्ने | | | | | | | | | | |
| ४.६ | अदालतमा आफैं प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूका लागि विशेष सेवा प्रदान गर्ने | | | | | | | | | | |
| ५.१ | न्यायसम्मको पहुँचमा रहेका अवरोधक तत्वहरुको बारेमा अध्ययन | | | | | | | | | | |
| ६.१ | महिला, विपन्न असहाय र असक्षम वर्गका व्यक्तिहरूको सशक्तिकरणका लागि कानूनी आधार विकास गर्ने | | | | | | | | | | |
| ७.१ | सरकारी निकायहरूसँग समन्वय | | | | | | | | | | |
| ७.२ | कानून र न्यायको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थासँगको समन्वय | | | | | | | | | | |

# सन्दर्भ समाग्रीहरू


**१ नेपालको अन्तरिम संविधान, २०६३**

**२ नेपाल ऐन सङ्ग्रहहरू (१ देखि १७)**

**३ नेपाल नियम सङ्ग्रहहरू**

**४ नेपाल कानून पत्रिकाहरू**

**५ रणनीतिक योजना / कार्ययोजना**

- न्यायपालिकाको पहिलो पञ्चबर्षीय रणनीतिक योजना, २०६१।६२-२०६५।६६
- न्यायपालिकाको दोस्रो पञ्चबर्षीय रणनीतिक योजना, २०६६।६७-२०७०।७१
- न्यायपालिकाको तेस्रो पञ्चबर्षीय रणनीतिक योजना, २०७१।७२-२०७५।७६
- राष्ट्रिय महिला आयोग, दोस्रो पञ्चबर्षीय रणनीतिक योजना, राष्ट्रिय महिला आयोग, (२०७१)
- महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, लैङ्गिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, (२०६१)

**६ सर्वोच्च अदालतका अध्ययन प्रतिवेदनहरू**

- अदालतको क्षेत्राधिकार पुनरावलोकन गर्ने सम्बन्धमा गठित समितिको सुझाव र अन्य मातहतका अदालत र निकायका सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न गठित समितिको प्रतिवेदन, २०६२
- अदालतको मानव संशाधनको क्षमता र आवश्यकताका बारेमा अध्ययन गर्ने समितिको प्रतिवेदन, २०६२
- दातृसंस्था र गैर सरकारी संस्थाहरुसँगको साझेदारी सम्बन्धी नीति तर्जुमा एवं दातृ संस्थासँग काम गर्न स्वायत्तता प्राप्त गर्ने विषयमा अध्ययन गरी नीति तर्जुमा गर्ने सम्बन्धमा गठित समितिको प्रतिवेदन, २०६२
- न्यायिक स्वायत्ततामा प्रभाव पार्ने विषयहरुको अध्ययन गरी नीति नियम तर्जुमा गर्न गठित समितिको प्रतिवेदन,२०६२
- कानूनी सहायतासम्बन्धी समितिको प्रतिवेदन, २०६३
- अदालतबाट वैतनिक कानुन व्यवसायी मार्फत प्रदान गरिने कानुनी सहायताको प्रभावकारितासम्बन्धी अध्ययन प्रतिवेदन, २०६९
- न्यायपालिकामा दोभाषे सम्बन्धीव्यवस्था गर्ने अध्ययन प्रतिवेदन, २०७२

७ पुस्तकहरू


- Action Committee on Access to Justice in Civil and Family Matters, *Access to Civil and Family Justice; A Road map to Change*, Canada (2013)
- American Bar Association, *Diversity in the Legal Profession; the Next Steps*, ABA Presidential Initiative Commission on Diversity, (2010)
- Asian Development Bank, *Access to Justice for the Urban Poor: Toward Inclusive Cities*,:, ADB, Philippines, (2010)
- Australian Human Right Commission, *Access to Justice in the Criminal Justice System for People with Disability*, AHRC, (2013)
- Byron M. Sheldric, *Access to Justice and Legal Empowerment as Vehicles of Poverty Alleviation: Governance Challenges to Linking Legal Structures to Social Change,* Centre for International Sustainable Development Law, (2012)
- Fisher, Fern, *Moving Towards a More Perfect World: Achieving Equal Access to Justice of Judicial Activism,* 17 *Cuny Law Review* 285, (2014)
- KSL/CelRRd, *Baseline Survey on Juvenile Justice System in Nepal*, KSL/CelRRd (2010)
- Luchsinger, Gretchen, *Access to Justice in Asia and the Pacific; A Comparative Experience Note*, UNDP, (2010)
- Office of the Prime Minister and Council of Ministers, *A Study on Gender-based Violence Conducted in Selected Rural Districts of Nepal*, OPMCM, Nepal, (2012)
- UNDP, *Access to Justice Practice Note*, UNDP, (2004)
- UNHRC, *Opening the Door to Equity: Access to Justice for Dalit in Nepal*, Office of the High Commissioner for Human Rights (OHCHR) in Nepal, (2011)
- United Nations, *Opening the Door to Equality: Access to Justice for Dalit in Nepal*, OHCHR, Nepal, (2011)


८ वेवसाइटहरु


- **American Bar Association, Center for Racial and Ethnic Diversity**
  *http://new.abanet.org/centers/diversity*
- **Commission on Mental and Physical Disability Law**
  *http://new.abanet.org/disability*
- **Commission on Sexual Orientation and Gender Identity**
  *http://new.abanet.org/sogi*
- **Commission on Women in the Profession**
  *www.abanet.org/women*
- **Council on Legal Education Opportunity (CLEO)**
  *www.cleoscholars.com*
- **CUNY Center for Diversity in the Legal Profession**
  *www.law.cuny.edu/clinics/JusticeInitiatives/*
- **Law School Admission Council (LSAC)**
  *http://www.lsac.org/SpecialInterests/minorities-in-legal-education.asp*
- **Lawyers for One America**
  *www.lawyersforoneamerican.org*
- **Minority Corporate Counsel Association**
  *www.napaba.org*

**United Nations**, http://www.un.org/esa/socdev/documents/reports/Legal%20empowerment%20of%20the%20poor.pdf

# अनुसूचीहरू

## अनुसूची १

### न्यायमा पहुँचसम्बन्धी मुख्य कानूनी प्रावधानहरु

| क्र.सं. | ऐनको नाम | मुख्य कानूनी व्यवस्था |
|---|---|---|
| १. | कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ | • कुनै कसुरजन्य कार्य भएमा सोबाट पीडित व्यक्ति वा जोसुकैले लिखित उजुरी वा मौखिक सूचना गर्न सक्ने।<br>• पुर्पक्षको लागि तारेखमा बस्नु नपर्ने।<br>• विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाएर मुद्दाका कारवाई किनारा गरिने। |
| २. | कानूनी सहायतासम्बन्धी ऐन, २०५४ | • तोकिएको वार्षिक आयभन्दा कम आय भएका व्यक्तिले कानूनी सहायता प्राप्त गर्ने गरी मापदण्ड निर्धारण भएको।<br>• हाल वार्षिक रु. ४०,०००/- भन्दा कम आय भएको व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने गरिएको।<br>• कानूनी सहायता उपलब्ध गराउन नेपाल बार एसोसिएसनका सदस्य वा अन्य कानून व्यवसायीहरूमध्येबाट मुद्दाको प्रकृति अनुसार छुट्टाछुट्टै कानून व्यवसायीहरूको सूची बनाउने।<br>• तोकिएको व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने।<br>• कागजातहरूको नक्कल लिँदा कुनै दस्तुर नलाग्ने। |
| ३. | घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ | • घरेलु हिंसा सम्बन्धमा जोसुकै व्यक्तिले प्रहरी कार्यालय वा स्थानीय निकाय वा महिला आयोगमा लिखित वा मौखिक उजुरी दिन सक्ने।<br>• प्रहरीमा उजुरी दर्ता भएपछि २४ घण्टाभित्र पीडकलाई झिकाई बयान गराउनु पर्ने।<br>• पीडितलाई शारीरिक वा मानसिक यातना पुगेको देखिएमा उपचारका लागि नजिकको अस्पतालमा लगेर घाजाँच लगायत परीक्षण गराउनु पर्ने।<br>• पीडित र निजसँग आस्रित व्यक्तिलाई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्ने।<br>• प्रहरी वा स्थानीय निकायमा पीडकलाई झिकाएपछि तारेखमा राखी कारवाही गर्नुपर्ने।<br>• पक्षहरूबीचमा मेलमिलाप हुनसक्ने भए मेलमिलाप गराउने र मेलमिलाप हुन नसकेमा अदालतमा सो उजुरी पठाउनु पर्ने।<br>• पीडित व्यक्ति आफैंले चाहेमा अदालतमा सोझै उजुरी दिन सक्ने।<br>• अदालतले पीडितलाई तत्काल संरक्षण दिनुपर्ने देखिएमा |

| | | |
|---|---|---|
| | | संरक्षणात्मक आदेश जारी गरी पीडितको संरक्षण प्रदान गर्न सक्ने।<br>• संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाई बन्द इजलासमा कारवाही गरिने।<br>• अदालतले पीडकबाट पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन सक्ने। |
| ४. | नेपाल कोर्ट फि ऐन, २०१७ | • कोर्ट फि तिर्न असमर्थ व्यक्ति भएमा खास खास अवस्थामा कोर्ट फि नराखे पनि मुद्दा हेरिन सक्ने। |
| ५. | प्रमाण ऐन,२०३१ | • सम्बद्ध प्रमाणमात्र अदालतले बुझी छिटोछरितो, निष्पक्ष र प्रभावकारी न्यायसम्पादन गर्ने।<br>• प्रमाण परीक्षणको तरीका र साक्षी बकपत्र गराउने तरीका बारे उल्लेख भएको। |
| ६ | प्रहरी ऐन, २०१२ | • वारेण्ट जारी भई आएकोमा तुरून्त तामेल गराउनु पर्ने।<br>• अपराधी पत्ता लगाई तुरून्त पक्राउ गर्नुपर्ने।<br>• पक्राउ परेका वा थुनामा परेका व्यक्ति घायल वा बिरामी परेमा उचित ख्याल गरी आवश्यक व्यवस्था गर्नुपर्ने।<br>• वारेण्ट, समाव्हान वा म्याद सूचना तामेल गराई अदालतमा पठाउनु पर्ने। |
| ७ | बालबालिका सम्बन्धी ऐन,२०४८ | • बालबालिकालाई क्रुर वा यातनापूर्ण व्यवहार गर्न नहुने।<br>• १० वर्ष मुनिको कुनै बालबालिकाले कानून बमोजिम अपराध ठहरिने कुनै काम गरेमा निजलाई सजाय नगरिने।<br>• १६ वर्ष मुनि र १० वर्षमाथिका बालबालिकाले गरेको कसुरमा निजको उमेरबमोजिम सजायको मात्रा निर्धारण हुने।<br>• बाल्यावस्थामा गरेको अपराधबाट बालबलिकाको अयोग्यता वा अपराधको पटक कायम नहुने।<br>• बालबालिकालाई नेल हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा उमेर पुगेका कैदीको साथमा राख्न नहुने।<br>• कानून व्यवसायीको प्रतिरक्षाविना बालबालिकालाई लगाइएको फौजदारी मुद्दामा अदालतले कारवाही किनारा गर्न नहुने।<br>• बालबालिकालाई अदालतले नै वैतनिक वकिलको सेवा उपलब्ध गराउनु पर्ने।<br>• यस ऐनले प्रदान गरेका हकको प्रचलनका लागि बालबालिकाको तर्फबाट जोसुकैले पनि सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनसक्ने।<br>• मुद्दाको पुर्पक्ष वा तहकीकात गर्दा थुनामा बस्नुपर्ने भएमा र |

| | | |
|---|---|---|
| | | फैसला बमोजिम कैदमा बस्नुपर्ने ठहरेमा कारागारमा नराखी बाल सुधार गृहमा राख्नुपर्ने।<br>• बालबालिकाको हक पुग्ने जुनसुकै कुरामा पनि नालिस, उजुर वा प्रतिरक्षा गर्न बाबु, आमा वा संरक्षक नभएमा जोसुकैले गर्नसक्ने।<br>• बालबालिका संलग्न भएको मुद्दाको कारवाही गर्दा बन्द इजलासबाट गर्नुपर्ने र सोका लागि छुट्टै बाल इजलासको गठन हुने।<br>• मुद्दामा कारवाही गर्दा अन्य मुद्दालाई भन्दा बालबालिका संलग्न भएको मुद्दालाई प्राथमिकता दिनुपर्ने। |
| ८. | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण)ऐन, २०६४ | • मानव बेचबिखन बारेमा पीडित आफैं वा अन्य जुनसुकै व्यक्तिले प्रहरीमा उजुरी दिनसक्ने।<br>• पीडितले प्रहरीमा गरेको बयान सम्बन्धित जिल्ला अदालत वा सो अदालतमा पुग्न कठिनाइ भएमा नजिकको जुनसुकै अदालतबाट प्रमाणित गराई थप अनुसन्धान गर्न सकिने।<br>• अनुसन्धानको क्रममा प्रमाणित बयानलाई नै अदालतले प्रमाणमा लिन सक्ने।<br>• प्रमाणको भार अभियुक्तले पुऱ्याउनु पर्ने,<br>• पीडितले अनुवादक वा दोभाषे राख्न सक्ने,<br>• कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत रकम बराबरको रकममा नघट्ने गरी पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्ने,<br>• अपराधको सूचना दिने व्यक्तिलाई जरिवानाको १०% बराबरको रकम पुरस्कार स्वरूप प्रदान गरिने र सुराकीको विवरण गोप्य राखिने,<br>• मुद्दाको कारवाही गर्दा बन्द इजलासमा गर्नुपर्ने,<br>• पीडितको नाम प्रचार प्रसार गर्न नहुने,<br>• पीडित वा उजुरकर्ताले सुरक्षाको माग गरेमा अदालतमा जाँदा आउँदा वा कुनै निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने। |
| ९ | मुलुकी ऐन, २०२० | **<u>अदालती बन्दोवस्तको महल अन्तर्गत-</u>**<br>• अड्डा खुलेदेखि बन्द नभएसम्म अड्डाको काम बाहेक ठट्टा मस्करी गर्न नहुने (३नं.),<br>• अड्डामा हातहतियार लिई आउन नहुने (५नं.),<br>• अड्डाको कामकारवाही खुला इजलासमा गर्नु पर्ने (६नं.),<br>• सार्वजनिक हक हित निहीत रहेको विषयमा अदालतको अनुमति लिई जोसुकैले पनि नालिस वा फिराद दायर गर्न सक्ने (१० नं.),<br>• कैदमा परेको, बेवारिस नाबालक, बृद्धबृद्धा, अशक्त, |

स्वास्नीमानिस वादी भएको वा नाता कायम गराइपाऊँ भन्ने, विधवा महिला वादी/पुनरावेदक भएको मुद्दाहरूलाई प्राथमिकता दिई किनारा गर्नुपर्ने (११नं.),

- फैसला गर्दा तोकिएको समयभित्र गर्नु पर्ने र सो समयमा गर्न नसकेमा पुनरावेदन सुन्ने निकायबाट निकासा लिई छिटो कारवाही गरी फैसला गर्नुपर्ने (१४ र १५ नं.),
- नाबालक वा होस ठेगानामा नभएकाको र बोल्न नसक्नेको कागज गराउनु पर्दा संरक्षकलाई रोहबरमा राख्नुपर्ने ( २४ र २५ नं.),
- सम्बन्धित इलाकाको जिल्ला अदालतले सबै मुद्दामा सुरू कारवाही र किनारा गर्ने (२९ नं.),
- नाता पर्ने व्यक्तिको मुद्दा हेर्न नहुने (३० नं.),
- हदम्याद नलेखेको कुरामा जहिले सुकै नालिस गर्न सकिने (३६ नं.),
- काबु बाहिरको परिस्थिति परी म्याद तारिख गुज्रेमा थाम्न सकिने (५९ नं.),
- वारिसबाट पनि मुद्दाको पुर्पक्ष गर्न सकिने (६५ नं.),
- रीतपूर्वक म्याद तामेल नगरी मुद्दामा कारवाही किनारा हुन नसक्ने (११०), १११,११२ नं.),
- स्वास्नी मानिसलाई मुद्दाको सिलसिलामा अदालतमा आउँदा ठट्टा मस्करी गरी सोधपुछ गर्न नहुने (१३४ नं.),
- फौजदारी मुद्दामा ३ वर्षसम्म वा सोभन्दा कम सजाय भएकामा पुनरावेदन गर्न थुनामा नराखी जेथा जमानी वा धरौटी लिई पुनरावेदन दर्ता गर्न पाउने गरी सुविधा दिन सकिने (१९४ नं.),
- धरौटी वा जमानत राख्न नसकी थुनामा रहेको पुनरावेदकलाई कारवाहीको सिलसिलामा थुनामा राख्न उचित नलागेमा धरौट वा जमानत नलिई तारिखमा राखी कारवाही गर्न सक्ने (२०० नं.),
- बेरीतपूर्वक म्याद तामेल भई प्रतिवाद गर्ने मौका नपाएकाले एकतर्फी रूपमा भएको फैसलाबाट मर्का पर्नेले सो फैसला भएको ६ महिनाभित्र थाहा पाएको ३५ दिनभित्र प्रतिवादी दिन ल्याएमा पुनः मुद्दाको कारवाही हुन सक्ने (२०८ नं.),
- थुनामा परेको व्यक्तिले आफू थुनिएको अड्डामार्फत नै मुद्दासँग सम्बन्धित कागजको नक्कल लिन पाउने (२१२ नं.)

**<u>दण्ड सजायको महल अन्तर्गत</u>**

